
# बाँफिकोट गाउँपालिका

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
## Disaster Preparedness and Response Plan




**बाँफिकोट गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, बाँफिकोट रुकुम पश्चिम**

**कर्णाली प्रदेश, नेपाल**

**निर्माण निर्देशिकाः** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन पहिलो संशोधन, २०६७ र गाउँपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमूना), २०८१

**दस्तावेजः** गाउँपालिका स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१, बाँफिकोट गाउँपालिका

**सर्वाधिकारः** बाँफिकोट गाउँपालिका, रुकुम(पश्चिम)

**प्राविधिक सहयोगः** IOM UN MIGRATION NEPAL

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोगः** यो सामग्री गाउँपालिका स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०८१, बाँफिकोट गाउँपालिका रुकुम पश्चिम सँगको सहकार्यमा IOM UN MIGRATION NEPALको प्राविधिक सहयोगमा तयार पारिएको हो।

## शुभकामना



बाढी, पहिरो, चट्याङ्ग, आगलागी, भूकम्प, हावाहुरी लगायतका विपद्जन्य घटनाहरुबाट बर्षेनी धेरै जनधनको क्षति व्यहोर्नु परेको दुःखद् अनुभव रहेको छ । २०८० साल कार्तिक १७ गते राती जाजरकोट जिल्लाको रामिडाँडाँलाई केन्द्रविन्दु बनाई गएको विनाशकारी भूकम्पबाट ५३ जनाको मृत्यु, ४२१ जना घाइते तथा ३४ हजार ९ सय ९७ निजी आवास लगायत थुप्रै भौतिक संरचना, पशुचौपाया लगायतको क्षति हुन गएको छ । त्यस्तै मनसुनजन्य विपद् र आगलागिका घटनाबाट समेत जनधनको क्षति हुन पुगेको छ ।विपद्जन्य घटनाहरुको सम्बोधन गर्नको लागि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र सबै सरोकारवालाहरुको हातेमालो र सहकार्य जरुरी हुन्छ र उल्लिखित विपद् व्यवस्थापन कार्यको लागि सबैको सहयोग/सहकार्य/समन्वयको लागि धन्यवाद सहित आभार प्रकट गर्दछु । विपद्जन्य घटनाहरुको घटनाहरुको जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) तयार गरी सो को प्रभावकारी कार्यान्वयनको समेत आवश्यकता रहन्छ । त्यसैले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP), २०८१ जारी गरी विपद् व्यवस्थापनमा सबैको सहयोग, सहकार्य र समन्वयलाई समेत प्रभावकारी बनाउने प्रयास गरेका छौ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्राकृतिक र गैरप्राकृतिक गरी विपद्लाई परिभाषित गरेको छ । यस योजनाले पनि प्राकृतिक र गैरप्राकृतिक दुवै खाले विपद् जोखिमको पहिचान, न्यूनीकरण तथा व्यवस्थापनको लागि विपद् पूर्वतयारी र प्रतिकार्यको खाका प्रस्तुत गरेको छ । यो योजनाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई रणनीतिक रुपमा प्रभावकारी बनाउन स्पष्ट मार्गदर्शन गर्नेछ । त्यसका लागि स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC), क्रियाशील राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संघ/संस्था, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत सबै सरोकारवाला पक्षहरुहरुको समन्वयात्मक, रचनात्मक र सकारात्मक संयोजन जरुरी रहन्छ ।

अन्त्यमा,यो योजना तयार गर्ने क्रममा संघीय मामिला तथा  सामान्य प्रशासन मन्त्रालय,  IOM UN MIGRATION , रेडक्रस सोसाइटी, स्कुम (पश्चिम) स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको सिर्जनशील र रचनात्मक सहयोग रहेको छ। विनाशकारी जाजरकोट भूकम्पबाट प्रभावित व्यक्ति/परिवारलाई राहत, उद्धार तथा व्यवस्थापनमा अहोरात्र काममा खटिने जिल्लास्थित सुरक्षा निकायहरु, जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु, जनप्रतिनिधिहरु, स्थानीय तहहरु, निजी क्षेत्र, गैर सरकारी संघ/संस्था, सञ्चार क्षेत्र लगायत सम्पूर्ण सरोकारवाला निकायहरुको खटाई र सक्रियताको लागि धन्यवाद सहित आभार व्यक्त गर्दै आगामी समयमा सम्भावित विपद्का घटनाहरुको व्यवस्थापनमा समेत यहाँहरुको अग्रसरता र सक्रियताको समेत अपेक्षा गरेको छु ।

……………………

जनक कुमार बाँठा मगर(अध्यक्ष बाँफिकोट गाउँपालिका रुकुम पश्चिम)

बाँफिकोट गाउँपालिका हरेक वर्ष विभिन्न प्रकोपहरुबाट प्रभावित हुँदै आएका स्थानीय तह मध्ये एक हो । भूकम्प, बाढी,पहिरो, चट्याङ्ग, जंगली जनावर (बाँदर) को आतंक, सडक दुर्घटना जस्ता विपद्ले यस गाउँपालिकामा जनधनको क्षति हुँदै आएको छ । विभिन्न प्रकोपको व्यवस्थित समाधान र जोखिम न्यूनीकरण तथा शीघ्र प्रतिकार्यका लागि बाँफिकोट गाउँपालिकाले यस वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी लागू गर्न लागेकोमा खुसी लागेको छ । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले जोखिमयुक्त समुदायको जोखिम न्यूनीकरण हुने र विभिन्न किसिमका प्रकोपहरुबाट हुने जनधनको क्षति कम गर्न सहयोग पु¥याउने अपेक्षा राखेकी छु ।

विपद् व्यवस्थापनका लागि स्थानीयस्तरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण दस्तावेजका रुपमा रहेको छ । विगतमा भए गरेका अनुभव तथा सिकाइलाई आत्मसात गर्दै विभिन्न संघसंस्थाको सल्लाह र सुझावलाई मध्यनजर गरी यो दस्तावेज तयार पारिएको छ । यसले भविष्यमा हुनसक्ने प्रकोपको जोखिम कम गर्न र विपदमा परेकाहरुको यथासक्य प्रतिकार्य गर्न सहयोग पु¥याउने विश्वास लिइएको छ ।

राज्य पूनर्संरचना अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भूमिकालाई थप सक्रिय तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता महशुस गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारिएको हो । यस योजनामा समावेश गरिएका सबै जिम्मेवार निकायले आ –आफ्नो भूमिका र जवाफदेहिता निर्वाह गर्न सकेमा विपद् जोखिम न्यूनीकरणमा महत्वपूर्ण टेवा पुग्नसक्ने देखिन्छ । यो योजना दस्तावेज तयार गर्ने क्रममा सहयोग पु¥याउने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, स्थानीय सरकार, राजनीतिक दल, सरोकारवाला संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पु¥याउने आई ओ एम नेपाल (IOM NEPAL) परियोजनाको योगदानप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यस योजनालाई प्रभावकारी कार्यान्वयन गर्न मेरो सक्रिय सहभागिता रहने प्रतिवद्धता व्यक्तगर्न चाहन्छु ।

धन्यवाद् !

.........................

तारा बुढा के.सी.

उपाध्यक्ष (बाँफिकोट गाउँपालिका रुकुम पश्चिम)

## विषयसूची


**परिच्छेद एक** .......... 8

**प्रारम्भिक** .......... 8

**१.१ पृष्ठभूमि** .......... 8

**१.२ योजनाको उद्देश्य, आवश्यकत, रणनीति, योजनाका अपेक्षित नतिजा:** .......... 9

रणनीति .......... 10

१.३ योजना तर्जुमा प्रक्रिया .......... 10

**१.३.२ आधारभूत अध्ययन** .......... 11

**१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक** .......... 12

**१.३.४ कार्यशाला गोष्ठी** .......... 13

**१.३.५ योजनाको मस्यौदा तयारी** .......... 13

**१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण** .......... 13

**१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी** .......... 13

**परिच्छेद दुई** .......... 14

**विपद् जोखिम र व्यवस्थापनको अवस्था** .......... 14

**२.१ गाउँपालिकाको संक्षिप्त परिचय** .......... 14

**तालिकाः २ बाँफिकोट गाउँपालिकाको वडा अनुसारको जनसंख्या,घरपरिवार, लिङ्ग,परिवारको औषत आकार,लैङ्गिक अनुपात र जनघनत्व** .......... 15

**२.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु** .......... 18

पहिरोको जोखिमः .......... 18

**२.३ विगतका विपद्को अवस्था विश्लेषण** .......... 19

**२.३.१ विपद्को ऐतिहासिक समय रेखा:** .......... 19

**२.३.२ विपद्को आवृत्ति र गम्भिरता** .......... 21

**२.३.३ विपद्बाट भएको क्षतिको विवरण:** .......... 22

**२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र** .......... 22

**२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण** .......... 23

**२.६ पूर्वसूचना प्रणालीको अवस्था** .......... 23

**२.७ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था** .......... 23

**२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी** .......... 24

**२.८.१ समग्र व्यवस्थापन क्षेत्र** ........ 24
**२.८.२ सूचना, खोज तथा उद्धारको क्षेत्र** ........ 24
**२.८.३ खाद्य तथा कृषि क्षेत्र** ........ 25
**२.८.४ स्वास्थ्य तथा पोषण क्षेत्र** ........ 25
**२.८.५ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र** ........ 25
**२.८.६ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र** ........ 25
**२.८.७ संरक्षण तथा सूरक्षा क्षेत्र** ........ 25
**२.८.८ आपत्कालीन शिक्षा क्षेत्र** ........ 25
**२.८.९ शीघ्र पुनर्लाभ क्षेत्र** ........ 25
परिच्छेद तीन ........ 26
पूर्वतयारी तथा प्रतिकार्य योजना ........ 26
**३.१ सामान्य पूर्वतयारी योजना** ........ 26
**३.१.१ समग्र व्यवस्थापन** ........ 26
**३.१.३ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 31
**३.१.४ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 32
**३.१.५ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 33
**३.१.६ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 34
**३.१.७ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 35
**३.१.८ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 36
**३.१.९ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना** ........ 38
**3.2 पूर्वानूमानमा आधारित पूर्वतयारी योजना** ........ 38
**3.2.1 समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 39
**3.2.2 खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 40
**3.2.3 स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 40
**3.2.4 खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 41
**3.2.5 आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 42
३.२.६ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 43
३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 44
**३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 45
**३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना** ........ 46
**३.३.१ समग्र व्यवस्थापन क्षेत्रको प्रतिकार्य योजना** ........ 46
समग्र व्यवस्थापन क्लस्टर अगुवा र सहयोगी सदस्यहरूको विवरण ........ 47
३.३.२ सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ 49
सूचना, खोज तथा उद्धार क्लस्टर अगुवा र सहयोगी सदस्यहरूको विवरण ........ 50
**३.३.३ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना** ........ 50

खाद्य तथा कृषि क्षेत्रको सदस्यहरुको विवरण....51
३.३.४ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना....52
स्वास्थ्य तथा पोषण क्षेत्रको सदस्यहरुको विवरण....52
३.३.५ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना....53
खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सदस्यहरुको विवरण....54
३.३.६ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना....54
आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सदस्यहरुको विवरण....55
३.३.७ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना....56
संरक्षण तथा सूरक्षा क्षेत्रको सदस्यहरुको विवरण....57
३.३.८ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना....59
आपत्कालीन शिक्षा क्षेत्रको सदस्यहरुको विवरण....59
३.३.९ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना....60
शीघ्र पुनर्लाभ क्षेत्रको सदस्यहरुको विवरण....60
३.४ लागत अनुमान....61
परिच्छेद चार....63
बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा....63
४.१ स्रोत-साधनको वर्तमान अवस्था....63
४.२ स्रोत-साधनको आवश्यकताको लेखाजोखा....64
४.३ लागत अनुमानः....65
४.५ समन्वय र सहकार्य....66
४.६ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता....66
४.७ बन्दोबस्ती सामग्रीको आंकलन....66
४.७.१ गैर–खाद्य सामग्री भण्डारण स्थल....67
४.७.२ मानवीय सहायता स्थल....67
४.८ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत....67
परिच्छेद पाँच....67
विविध....67
५.१ स्रोत साधनको व्यवस्थापन....67
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य....68
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई....68
५.३.१ लक्ष्य र सूचकहरू....68
५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन....69
५.४ क्षमता विकास रणनीति र योजना....70
प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची....72
अनुसूची-२....73
स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश....73
अनुसूची-३....74

सरोकारवाला निकायको पहिचान तालिका ....74

अनुसूची-४ ....76

विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची ....76

अनुसूची-५ ....77

विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त (नमूना) ....77

अनुसूची-६ ....78

अगुवा सहयोगी संस्थाको कार्यशर्त ....78

अनुसूची-७ ....79

कार्यशाला गोष्ठीको कार्यसूची ....79

अनुसूची-८ ....82

स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ....82

अनुसूची-९ ....83

विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण ....83

अनुसूची-१० ....84

विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण ....84

अनुसूची-११ ....86

प्रतिकार्यको लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण एवम् सम्पर्क नम्वर ....86

अनुसूची-१२ ....90

योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारुप ....90

अनुसुची-१३ प्रारम्भिक द्रुत लेखाजोखा फारम ....96

माथि उल्लेखित फारममा नमूनाको रुपमा केही अंश मात्र राखिएको छ। यो फारमको पुर्ण नमूना यस गाउँपालिकाको वेवसाईट www.banphikotmun.gov.np को विद्युतीय शुशासन खण्डको नमुना फारम उप-खण्ड बाट download गर्न सकिनेछ। ....98

अनुसुची-१४ ....98

आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लेखाजोखाको नतिजा ....98

सन्दर्भ सामग्री ....101

## परिच्छेद एक

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ। संवैधानिक व्यवस्था कार्यान्यवयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन्। साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन्। स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो। स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। यस गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन। यस गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभिलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक देखिएको छ।

भू-बनोट, अवस्थिति, विषम हावापानी र जलवायु परिवर्तनका कारण बाँफिकोट गाउँपालिका रुकुम (पश्चिम) प्राकृतिक तथा गैर–कृतिक विपद्को उच्च जोखिममा रहेको स्थानीय तह हो। विशेष गरी भूकम्प, बाढी पहिरो, आगलागी, हुरीबतास, हिमपात, महामारी लगायतका प्राकृतिक र गैर प्राकृतिक प्रकोपको जोखिमका कारण वर्षेनी मानवीय तथा भौतिक क्षति हुने गरेको छ । Life-line को रूपमा रहने सडकमार्गमा वर्षातको समयमा हुने अवरोधले आवागमन प्रभावित भई मानवीय जनजीविकामा प्रतिकूल असर परिरहेको अवस्था विद्यमान छ। मानवीय कारणबाट सृजित प्रकोप मध्ये पहिरोले जिल्लाको कृषि उत्पादनमा समेत ह्रास आएको छ । जिल्लामा अव्यवस्थित र योजना बिना खनिएका ग्रामीण सडकले गर्दा बाढी र पहिरोको प्रकोप बढाएको छ । यिनै कारणहरूले गर्दा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता महसुस गरिएको छ ।बाँफिकोट गाउँपालिकमा भूकम्प, बाढी पहिरो, महामारी, आगलागी, हुरीबतास तथा हिमपात जस्ता प्रकोपहरू प्रमुख प्रकोपको रूपमा रहेका छन् । वार्षिक रूपमा आगलागी तथा बाढी पहिरोबाट सयौँ परिवार प्रभावित भएको तथ्य विगतका घटनाहरूले देखाउँछ । यसैगरी वर्षेनी कृषियोग्य जमिनको क्षतिले विस्थापित हुने तथा बसाइसराइ गर्नेको सङ्ख्या पनि बढ्दो छ । जसले गर्दा मानवीय तथा आर्थिक विकासमा नकारात्मक प्रभाव परेको पाईन्छ । यस गाउँपालिकाको भौगोलिक बनावट तथा अव्यवस्थित भौतिक निर्माणका क्रियाकलापहरूले गर्दा भूकम्पीय दृष्टिकोणबाट जोखिम रहेको पाइन्छ । वर्तमान अवस्थामा बाँफिकोट गाउँफालिकामा सडक यातायातको सुविधाका दृष्टिकोणले मध्यम स्तरमा रहेको गाउँपालिका हो । यस गाउँपालिकामा कच्ची सडक मार्गको राम्रो पहुँच रहेको छ । सवै वडा केन्द्रहरु लगायत अधिकाशं वस्तीमा विद्युत पहुँच रहेको छ । गाउँपालिकामा ४४ सामुदायिक विद्यालय १ ओटा स्नातकोत्तर तहसम्मको क्याम्पस १० ओटा वडा कार्यालय ४ ओटा स्वास्थ्यचौकी १० वटा आधारभूत स्वास्थ्य चौकी १ इलाका प्रहरी कार्याल ४ ओटा प्रहरी चौकी १ ओटा हुलाक सेवा केन्द्र १ ओटा आयुर्वेदिक आरोग्य केन्द्र रहेका छन् । बाँफिकोट गाउँपालिकामा विशेषतः भूकम्प, बाढी, पहिरो, आगलागि, चट्याङ्को जोखिमयुक्त गाउँपालिका हो । वर्षेनी बाढी पहिरोबाट मानवीय तथा भौतिक क्षति भइरहेको छ । सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, विद्युत, आपूर्ति, सञ्चार, भवन) नष्ट हुनु , आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्धवृद्धा तथा अपाङ्ग मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन हुनु, विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि चाप पर्नु सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी प्रचलनहरूमा चूनौती पर्नु , आवास सम्वन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या बृद्धि हुन जाने अवस्था सिर्जना हुन्छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरूप यस गाउँपालिकाले प्रकोपको जोखिम न्यूनीकरण गर्न, विपद् उत्थानशील समाज निर्माण गर्न, विपद् सम्बन्धी कार्यलाई राहत र उद्धारमा मात्र केन्द्रित नगरी पूर्वतयारीमा समेत थप सजग र सक्रिय बनाउनको लागि तथा विपद् व्यवस्थापनका सम्पूर्ण क्रियाकलापहरूलाई थप प्रभावकारी तुल्याउन यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ।

### १.२ योजनाको उद्देश्य, आवश्यकत, रणनीति, योजनाका अपेक्षित नतिजा:

यस गाउँपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

(क) कुनै पनि कारणबाट घटित तथा हुन सक्ने विपद् र त्यसबाट सृजित मानवीय असरहरूलाई न्यूनीकरण गर्न पूर्वयोजना तर्जुमा गर्नु र विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान र अद्यावधिक गर्नु, विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरूको जिम्मेवारी क्रमबद्ध रूपमा राखी सरोकारवालाहरूलाई जानकारी गराउनु

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु, विपद्को क्षेत्रमा कार्यरत (सङ्घ, प्रदेश र स्थानीय तह), गै.स.सं. तथा अन्तराष्ट्रिय गैससहरूसँग विपद्पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता (Resilience Power) को पहिचान गर्नु।

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु र

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रवन्ध गर्नु।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता :**

- विपद्जन्य घटनाहरू घट्ने अवस्थालाई मनन गरी सोलाई शीघ्र रूपमा सम्बोधन गर्ने गरी पूर्वतयारीको स्थितिमा रहन,
- विपद् उत्पन्न हुने जोखिमका असरहरूलाई न्यूनीकरण गर्न स्थानीय तहको प्रतिकार्य क्षमता अभिवृद्धि गर्न,
- विपद् जन्य प्रकोपका प्रभावितलाई तत्कालराहत तथा उद्धार कार्यमा सहजता ल्याउन,
- विपद्जन्य घटनाहरूबाट हुने जनधन तथा सार्वजनिक सम्पत्तिको क्षतिलाई न्यूनीकरण गर्न तीनै तहका सरकाहरुवीच समन्वय र सहकार्यमा अभिवृद्धि गर्न,
- आपत्कालीन समयमा सरोकारवाला निकायसँग सहज ढङ्गले सूचना सम्प्रेषण गरी विपद्जन्य घटनाको क्षति न्यूनीकरण गर्न।

## रणनीति

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको रणनीतिहरू देहाय बमोजिम रहने छन् ।

- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत विपद् व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थापन तथा प्रभावकारी बनाइनेछ,
- विपद् व्यवस्थापनका सूचना तथा जानकारी प्राप्त गर्न सूचना सञ्चाल विकास गरिनेछ,
- विपद् व्यवस्थापनका सबै गतिविधिहरू स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति मार्फत एकद्वार नीति **(One Door Policy)** अनुरूप सञ्चालन गरिनेछ,
- विपद् व्यवस्थापनका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको समन्वय तथा सहकार्यमा विशिष्टिकृत विषयगत क्षेत्रहरू तोकिनेछ,
- विपद् व्यवस्थापनका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति लगायतका अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गरी अधिकतम रूपमा परिचालन गरिनेछ,
- २०८० साल कार्तिक १७ गतेका दिन गएको ६.४ रेक्टर स्केलको भूकम्पबाट प्रभावित समुदायहरूमा विभिन्न दातृ निकाय तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्थाहरूको सहयोगमा पुनर्लाभका गतिविधि सञ्चालन भइरहेका छन् ।

योजनाका अपेक्षित नतिजा:


विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ तयार गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, को बैठकबाट अनुमोदन गरी कर्यान्वयनमा ल्याइएको छ। योजनाका अपेक्षित नतिजा यसप्रकार रहेका छन्:

1. सबै प्रकारका जोखिम तथा चूनौतीहरु विरुद्ध उपलब्ध जनशक्ति, श्रोत साधन र जनशक्तिको उचित व्यवस्थापन मार्फत प्रभावकारी प्रतिकार्य हुने,
2. सङ्कटाभिमुख स्थानीय तहहरूको पहिचान तथा प्रकोप जोखिम नक्साङ्कन तयार हुने,
3. गाउँपालिकामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरू पहिचान तथा उपलब्ध स्रोत र साधनको नक्साङ्कन हुने,
4. विषयगत क्षेत्रहरूको भूमिका तय गरी विपद्को अवस्थालाई सामना गर्नको लागि प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण हुने,
5. विपद् प्रभावितहरूलाई मापदण्डका आधारमा तत्काल उद्धार तथा राहत सेवा पुर्याउन सजिलो पार्ने ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार यस गाउँपालिकाले

सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्वन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः




माथि उल्लिखित ढाँचामा योजना तर्जुमाका चरणहरुको सङ्क्षेपमा तल चर्चा गरिएको छः

### १.३.१ गाउँपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि सर्वप्रथम मिति २०८१।४।१५ मा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तयारी बैठकको आयोजना गरेको थियो। बैठकले योजना तर्जुमा गर्न ९ वटा विषयक्षेत्रहरुको निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्यसमूह (Technical Working Group) गठन गरेको थियो। प्राविधिक कार्यसमूहको बैठकको कार्यसूची अनुसूची-१ मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित अनुसूची-२ बमोजिमको कार्यादेश प्रदान गरेको थियो। बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाइ कार्यसमूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो। यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण अनुसूची-३ मा समावेश गरिएको छ।

### १.३.२ आधारभूत अध्ययन

बाँफिकोट गाउँपालिकामा भूकम्प, बाढी पहिरो, महामारी, आगलागी, हुरीबतास तथा हिमपात जस्ता प्रकोपहरू प्रमुख प्रकोपको रूपमा रहेका छन् । वार्षिक रूपमा आगलागी तथा बाढी पहिरोबाट सयौँ परिवार प्रभावित भएको तथ्य विगतका घटनाहरूले देखाउँछ । यसैगरी वर्षेनी कृषियोग्य जमिनको क्षतिले विस्थापित हुने तथा बसाइसराइ गर्नेको सङ्ख्या पनि बढ्दो छ । जसले गर्दा मानवीय तथा आर्थिक विकासमा नकारात्मक प्रभाव परेको पाईन्छ । यस गाउँपालिकाको भौगोलिक बनावट तथा अव्यवस्थित भौतिक निर्माणका क्रियाकलापहरूले गर्दा भूकम्पीय दृष्टिकोणबाट जोखिम रहेको पाइन्छ ।

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियोः-

- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- विगत २५ वर्षको (पाँच वर्ष वा सो भन्दा बढी अवधिको प्रवृत्ति विश्लेषण गर्न उपयुक्त हुने) विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरु,
- विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना (उपलब्ध भएमा मात्र) तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरू,
- विपद्सँग सम्बन्धित प्रतिवेदनहरू,
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा प्रोफाइल,
- स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सूरक्षा कार्ययोजना,
- जनसंख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिकाको सीमाना देखिने नक्सा,
- गाउँपालिकाको आवधिक योजना, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू।

### १.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक

विषयक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित स्रोतहरूको आंकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरू सञ्चालन गरिएको थियो। विषयक्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न विषयक्षेत्रगत समितिहरु गठन गरिएको थियो। विषयक्षेत्रको समितिहरुको बैठकको कार्यसूची अनुसूची-४ मा प्रस्तुत गरिएको छ। विषयक्षेत्रका सदस्य संस्था (Cluster Member) र ती निकायहरुको कार्यशर्त अनुसूची-५ मा तथा अगुवा सहयोगी संस्था (Lead Support Agency) को कार्यशर्त अनुसूची-६ मा समावेश गरिएको छ।

१) समग्र व्यवस्थापन क्षेत्र ।

२) सूचना, खोज तथा उद्धार क्षेत्र ।

३) खाद्य तथा कृषि क्षेत्र ।

४) स्वास्थ्य तथा पोषण क्षेत्र ।

५) खानेपानी, सरसफाइ र स्वच्छता प्रवद्र्धन क्षेत्र ।

६) आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र ।

७) संरक्षण तथा सुरक्षा क्षेत्र ।

८) आपत्कालीन शिक्षा क्षेत्र ।

९) शीघ्र पुनर्लाभ क्षेत्र ।

गाउँपालिकामा रहेका विषयगत क्षेत्रहरूको नेतृत्व सम्बन्धित सरकारी शाखा वा कार्यालयहरूले गर्नेछन् र विपद् व्यवस्थापन समितिले सरकारी र गैरसरकारी क्षेत्रबीच प्रभावकारी समन्वय गर्न सम्भव भएसम्म सम्बन्धित तहमा अगुवा सहयोगी संस्था (Lead support agency) को छनोट गरी सहनेतृत्व र सदस्य सहितको माथि उल्लिखित ९ वटा विषयगत क्षेत्र गठन गरेको छ । विषयगत क्षेत्रका सदस्यहरूलाई योजना तर्जुमाको सुरुकै चरणबाट संलग्न गराई सोको सूची अनुसूची ९ र १० मा दिइएको छ । प्रत्येक विषयगत क्षेत्र (Clusters) को समूह बनाई छुट्टाछुट्टै बैठक गरी विषय क्षेत्रगत योजना मस्यौदा तयार गरी विषयगत क्षेत्रको प्रथम बैठकको कार्यसूची, अनुसूची ४ मा समावेश गरिएको छ ।

मस्यौदालाई समितिको बैठकमा छलफल र आवश्यक परिमार्जन गरी सरोकारवालाहरूको कार्यशालामा प्रस्तुत गरिएको मस्यौदा सबै विषयक्षेत्रका योजना एकत्रित गरी कार्यदलले तयार गरेको छ, र उक्त योजना परिच्छेद ३. मा समावेश गरिएको छ । यसैगरी पहिलो कार्यशालाको आयोजना गर्नुअगाडि गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयक्षेत्रका योजनामा पर्याप्त छलफल गरिएको छ । यस बैठकमा गाउँपालिकाको विषयगत शाखाहरूका विषयगत क्षेत्रका जिम्मेवार नेतृत्वकर्ता संघसंस्थाहरूलाई विपद् व्यवस्थापन समितिले आमन्त्रण गरी छलफलबाट आएका योजनालाई एकत्रित गरी यस योजनामा समावेश गरिएको छ ।

### १.३.४ कार्यशाला गोष्ठी

विषयक्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो। कार्यशालामा विषयक्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो। कार्यशाला गोष्ठीको कार्यसूची अनुसूची-७ मा संलग्न रहेको छ।

मिति २०८१।४।१५। देखि २०८१।८।२५।सम्म सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्य सङ्घ/संस्थाहरू साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो। कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्यसमूहले गरेको थियो। योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सहयोग उपलब्ध रहेको थियो।

### १.३.५ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रहरूको छलफल र द्वितीय स्रोतबाट सङ्कलन गरिएका सूचनाहरू र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ।

### १.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयुक्त भए नभएको र त्यस्तो क्रियाकलाप कार्यान्वयन गर्ने क्षमता गाउँपालिका तहमा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाहरूको सहभागितामा कृत्रिम घटना अभ्यास (Simulation Exercise) मार्फत परीक्षण समेत गरिएको थियो। यस्तो परीक्षणबाट प्राप्त भएका पृष्ठपोषणलाई पनि यस योजना तर्जुमाको क्रममा ध्यान दिइएको छ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशाला तथा कृत्रिम घटना अभ्यास समेतबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिईएको थियो। यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ।

## परिच्छेद दुई
## विपद् जोखिम र व्यवस्थापनको अवस्था

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय

बाँफिकोट गाउँपालिका कर्णाली  प्रदेश अन्तर्गत रुकुम पश्चिम जिल्लामा पर्दछ। यो गाउँपालिका पूर्वमा सिस्ने गाउँपालिका, पश्चिममा सानीभेरी गाउँपालिका, उत्तरमा आठविसकोट नगरपालिका  र दक्षिणमा मुसीकोट नगरपालिका सीमानाभित्र अवस्थित रहेको छ। यो गाउँपालिका समुद्री सतहबाट ८६३ मीटर देखि  ३८७०  मिटरसम्मको उचाईमा अवस्थित छ। सङ्घीय राजधानी काठमाण्डौंबाट करिव सिधा दुरी ६०० किलोमिटर, प्रदेश राजधानी  सुर्खेत बाट ८६ किलो मिटर सिधादुरी र जिल्ला सदरमुकामबाट ८ किलोमिटर सिधा दूरीमा रहेको छ।१० वटा वडा रहेको यस गाउँपालिकाको क्षेत्रफल १९०.४३ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको केन्द्र वडा नम्बर ४  को कोट मा  रहेको छ।

विक्रम सम्वत २०७८ को जनगणना अनुसार यहाँको घरधुरी सङ्ख्या ४६०७ र जनसङ्ख्या २१०३३ (महिलाः १०८५९ र पुरूषः १०१७४) रहेको छ। यस गाउँपालिकाबाट २०७८ सालमा गरेको सर्वेक्षण अनुसार हालको कूल घरपरिवार सङ्ख्या ४६०७ र जनसङ्ख्या २१०३३ पुगेको छ। यो गाउँपालिका महाभारत र हिमाली क्षेत्रको भिरालो भूभागमा अवस्थित छ। यस गाउँपालिकाको हावापानी उपोष्ण/समशितोष्ण/शितोष्ण रहेको छ। यहाँको अधिकतम तापक्रम ४३ डि.से. सम्म पुग्ने र न्यूनतम तापक्रम ० डि.से. सम्मपुग्ने गरेको छ। यसैगरी औसत वार्षिक वर्षा  ११०० मिलिमिटर हुने गर्दछ र अधिकतम वर्षा १६०० मिलिमिटर सम्म रेकर्ड गरिएको छ।

तालिकाः१ गाउँपालिकाको वडागत क्षेत्रफल विवरण

| j8f g+= | ;fljs uf=lj=; | ;fljs j8f | If]qkmn ju{ ls=ld= |
|---|---|---|---|
| ! | पिपल | १,२ | १९.८८ |
| @ | पिपल | ३-९ | ५०.५६ |
| ३ | बाँफिकोट | ३,८,९ | ३९.१३ |
| ४ | बाँफिकोट | १,२,४ | ४.६ |
| ५ | बाँफिकोट | ५-७ | २०.८६ |
| ६ | मग्मा | २-४,६ | ८.३४ |
| ७ | मग्मा | १,५,९ | २१.१८ |
| ८ | दुली | ४-६ | ६.७७ |
| ९ | झुला | १-५ | ५.११ |

| | | | |
|---|---|---|---|
| १० | झुला | ६-९ | १३.९९ |

**तालिकाः २ बाँफिकोट गाउँपालिकाको वडा अनुसारको जनसंख्या,घरपरिवार, लिङ्ग,परिवारको औषत आकार,लैङ्गिक अनुपात र जनघनत्व**

| वडा | घरपरिवार संख्या | जनसंख्या विवरण | | | परिवारको औषत आकार | लैंगिक अनुपात | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | |
| १ | ३२१ | १५३७ | ७३९ | ७९८ | ४.७९ | ९२.६१ | ७७.३१ |
| २ | ७९६ | ३३०६ | १५७४ | १७३२ | ४.१५ | ९०.८८ | ६५.३९ |
| ३ | ४४४ | १७८२ | ८३२ | ९५० | ४.०१ | ८७.५८ | ४५.५४ |
| ४ | ५७७ | २२७४ | १०८६ | ११८८ | ३.९४ | ९१.४१ | ४९४.३ |
| ५ | ३५४ | १८०३ | ८८९ | ९१४ | ५.०९ | ९७.२६ | ८६.४३ |
| ६ | ४६२ | २२९८ | १११५ | ११८३ | ४.९७ | ९४.२५ | २७५.५ |
| ७ | ५४१ | २९४६ | १४७८ | १४६८ | ५.४५ | १००.७ | १३९.१ |
| ८ | ३१० | १५८० | ७६४ | ८१६ | ५.१ | ९३.६३ | २३३.४ |
| ९ | ४४४ | १८९५ | ९०३ | ९९२ | ४.२७ | ९१.०३ | ३७०.८ |
| १० | ३५८ | १६१२ | ७९४ | ८१८ | ४.५ | ९७.०७ | ११५.२ |
| जम्मा | ४६०७ | २१०३३ | १०१७४ | १०८५९ | ४.५७ | ९३.६९ | ११०.५ |

स्रोतः राष्ट्रिय जनगणना २०७८, रा.त.का

**तालिकाः३ धर्म अनुसारको जनसंख्या विवरण**

| धर्मको नाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| हिन्दु | २०९०७ | ९९.४० | १०११७ | ९९.४४ | १०७९० | ९९.३६ |
| क्रिस्चियन | ९८ | ०.४७ | ४२ | ०.४१ | ५६ | ०.५२ |
| बौद्ध | १७ | ०.०८ | १० | ०.१० | ७ | ०.०६ |
| प्रकृति | ११ | ०.०५ | ५ | ०.०५ | ६ | ०.०६ |
| जम्मा | २१०३३ | १०० | १०१७४ | १०० | १०८५९ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका:४ जातजाति अनुसारको जनसंख्या विवरण

| जातजाति | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्षेत्री | ११६१२ | ५५.२१ | ५६५९ | ५५.६२ | ५९५३ | ५४.८२ |
| विश्वकर्मा | २३४४ | ११.१४ | ११४३ | ११.२३ | १२०१ | ११.०६ |
| मगर | १९९६ | ९.४९ | ९५२ | ९.३६ | १०४४ | ९.६१ |
| ठकुरी | १७८७ | ८.५० | ८४९ | ८.३४ | ९३८ | ८.६४ |
| ब्राह्मण | १६३४ | ७.७७ | ७९५ | ७.८१ | ८३९ | ७.७३ |
| परियार | ९२६ | ४.४० | ४२३ | ४.१६ | ५०३ | ४.६३ |
| मिजार | २७० | १.२८ | १३८ | १.३६ | १३२ | १.२२ |
| सन्यासी | २१८ | १.०४ | १०३ | १.०१ | ११५ | १.०६ |
| सुनुवार | १३९ | ०.६६ | ६० | ०.५९ | ७९ | ०.७३ |
| गुरुङ्ग | ४७ | ०.२२ | २३ | ०.२३ | २४ | ०.२२ |
| बादी | २४ | ०.११ | ११ | ०.११ | १३ | ०.१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घर्ती/भुजेल | १० | ०.०५ | ४ | ०.०४ | ६ | ०.०६ |
| अन्य | २६ | ०.१२३६ | १४ | ०.१४ | १२ | ०.११ |
| **जम्मा** | २१०३३ | १०० | १०१७४ | १०० | १०८५९ | १००० |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

## २.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु

यस गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा बाढी, पहिरो, भूकम्प, महामारी, हावाहुरी, मानव वन्यजन्तु द्वन्द्व, आगलागी, सुख्खा/खडेरी, असिनापानी, चट्याङ, सडक दुर्घटना, आदि पर्दछन्। गाउँपालिकाको विपद् जोखिम प्रोफाइल अनुसार आगलागी र बाढी पहिरो प्रकोपबाट यस क्षेत्रमा जनधनको सबैभन्दा बढी क्षति हुने गरेको छ। त्यसैगरी महामारी, हावाहुरी, कृषि बालीमा हुने रोग, पशुरोग, आगलागी, खडेरी, असिनापानी, मानव-वन्यजन्तु द्वन्द्व, सडक दुर्घटना, जस्ता प्रकोपहरूबाट पनि हरेक वर्ष जनधनको क्षति हुने गरेको छ।

### पहिरोको जोखिमः

यस बाँफिकोट गाउँपालिकामा वडागत प्रभाव हेर्दा, वडा नं.७ को डारु गाउँ, दुवानाथ, नयाँ खर्क, दुलिंगा, बाँस्थला, घेरेनचौर, मग्मा ढारबाङ, वडा नं. ६ का सार्किचौर, लोरिचौर, स्याला, बुढाथोकी टोलका ९० भन्दा बढि घर पहिरोको उच्च जोखिममा रहेका छन । त्यस्तै वडा नं. ८ का तुलिधारा, स्याला, मोचे, सिर्पा वडा नं. ९ का काप्रा, जुटाली, स्यालाखेत, कालाबाङ, लुरिबाङ, माउँखोला, तिरुवा पीपल वस्ती, वडा नं. १ का ढिक काल्ना, कालाताल, व्युरेनी, चौला मेला, त्यस्तै वडा नं. १० का माथिल्लो ठाँटी, काटीबख्री देखि लामातरा सम्म, कुल्लबाच देखि जारेखोलासम्म, भेरीकोला पुरानोठाँटि, दुप्पका सानोभेरी, राजीखेत सानोभेरी वडा नं. ३ का डार्ने, जगरा, भाग्ले, सल्लेचौर, छिप्राखोला, वडा नं. ४ का वागमारे सिगौता, कालाखोला हर्लाबोट, वडा नं. २ का लामचौर, भारी, दब्लाङ, मेलगैरी, बलहान्ना, पाखापानी र वडा नं. ५ का तल्लो काँडा र खारखोलाका वस्तीहरु पहिरोको उच्च जोखिममा रहेका छन ।

बाढीको जोखिमः यस बाँफिकोट गाउँपालिका बाढीको पनि उच्च जोखिम रहेको क्षेत्र हो । बाढीको जोखिमा रहेका वस्तीहरु मध्ये वडा नं. २ मा रहेका कुनाखेत, पुमा, वडा नं. ४ मा रहेको  सेराखेत, ढोर खेत, रेलेबगर, वालुवाचौर, जुगाने, वडा नं. ३ को स्यार्पुताल, सानोभेरी किनारमा रहेका वस्तीहरु, तिल्चाखोला, वडा नं. १ का बोजेरी, रेवत वस्ती, दानीचौर, पुमाखोला, वडा नं. ९ का जोगीमुरा, गाराबाङ, गारघाट, थिराडाँडा, साधनमुरा, तार्सिबाङ, भेराखेत, वडा नं. ८ का हलबादे, माझधारा, धारापानी खोला, वडा नं. ७ का दोबाटाचौर, गोरेकाडा, घरेन्चौर त्यस्तै वडा नं. ६ का वडाखोला, धनेखोला, मैचुखोला, मग्माखोला, नाउला, सुपाखोला, वडा नं. १० का दुप्पका देखि लामातार सम्म सानोभेरीको किनारमा रहेको वस्तीहरु, र वडा नं. ५ का तल्लो काँडा र खारखोला  बाढीको जोखिम रहेको छ ।

आगलागीको जोखिमः  यो गाउँपालिकाका सबै वडाहरू आगलागीको उच्च जोखिममा रहेका छन । आगलागीले गर्दा प्रत्येक वर्ष खानेपानीका आयोजनाहरुमा क्षति पुर्याउने गरेको छ ।  आगलागीले प्रभावित क्षेत्रहरुमा वडा नं. ६ का धम्लिक, पारीपाखा, परिबन, खरखरे, मौवाबारी, वडा नं. ३ का सामुदायिक बन, बोटले, सर्सुडाँडा, डम्मान, थाग्ले, थुमलेख, वडा नं. २ का रुखबाङ, भाटी, दब्लाङ, मेलपोखरा, लगायतका अन्य बस्ती र सामुदायिक बन, वडा नं. १० का सम्पुर्ण वस्तिहरु वडा नं.५ का स्यार्पु टोल, बडगाउँ, लिखाबाङ, काँडा छेउछाउका बस्तीहरु तथा सप्पुर्ण सामुदायिक बनहरु, वडा नं. ४ का ज्यार्मीखोला सामुदायिक बन, सालघारी सामुदायिक बन, सम्तारु पाखा, वडा नं. १ का लिरेकोट, पारी गाउँ, चिउरी, थुम, तार्सुकाँडा, डया बजेनी, वडा नं. ९ का जोगीमुरा, भिराडाडा, दोवाछी, मोचेपानी, जिमरीपाखा, वडा नं.७ का भम्पु, डारु गाउँ,  वडा नं. ८ का बयाल्या, ठुलागैरा,  विशेषगरी घना बस्ती रहेका बजारक्षेत्र आगलागीको जोखिममा रहेका छन ।

### सडक दुर्घटनाको जोखिमः

यस गाउँपालिका भित्र सडक दुर्घटनाको कारणले पनि मानवीय क्षेती हुने गरेको छ। सड्क दुर्घटनाको जोखिम वडा नं.१ को पुमा खोला वडा नं. ९ को भेराखेत, पुराना गाउँ, मनघर दुली सड्क, वडा नं. ८ का मोचे, स्याला, ओकोधारा, वडा नं. ७ का नदुवा घारीखोला, मग्मा नदुवा सड्क, वडा नं. ४ का छिनखेत बजार क्षेत्र, सेराखेत लोराबाङ खिमान सड्क, बाँफिकोट छिनखेत सड्क खण्डमा रहेको सालघारीा मोडहरु, वडा नं. २ का मध्येजिपु, कुनाखेत, जामुनकाट्टे, लामाचौर, मेलगैरी जाने सड्क, वडा नं. ३ का स्यार्पु दहबाट नेपाने जाने सड्क, वडा नं. १० को

गाराघाट १० नंबर वडा जोड्ने सड्क, वडा नं. ६ को वाईपोल, भम्पु सड्क, छिनखेत मग्मा सड्क खण्डको सालघारी, मग्मा-नदुवा सड्क र वडा नं. ५ को नेटा बजारदेखि काँडा हुदै लिखाबाङ जाने सड्क खण्डका धेरै स्थानमा सडक दुर्घटनाको अत्यधिक जोखिम रहेको छ ।

हावाहुरीको जोखिमः यस पालिकामा हावाहुरीले प्रत्येक वर्ष खेतीपातीमा क्षेति पुर्याउने गर्दछ। हावाहुरीले मुख्यतया सबै वडाहरुका बस्तीहरुमा क्षेती गर्ने गर्दछ ।

चट्याङको जोखिमः

यस गाउँपालिकामा चट्याङको जोखिम पनि पहिचान भएको छ, जसमा वडा नं. ६ को जिपसिङ, स्याला, वडा नं. ४ को बाँफिकोट टाकुरा, वडा नं. ३ को थुमलेक, डम्मान क्षेत्र, समैज, वडा नं. ७ को भम्पु, गोरेकाँडा, नदुवा, दुवानाथ, सेसिपातल, वडा नं. ८ को मैनेरी तुरीधारा, पोखरा, खुर्बाङ, चिसापानी र जुरेथुममा, वडा नं. ९ को गोमै, पीपल सिमागोठ, वडा नं. १ को तार्सुकाँडा, लिरेकोट, वडा नं. ५ को माथिल्लो काँडा, बडगाउँ, वडा १० का फेरा, वयाल्पा, सेजे जस्ता बस्स्तीहरु चट्याङको जोखिम रहेको छ ।

माथि उल्लेखित बाहेक यस गाउँपालिकामा अन्य विभिन्न प्रकोप तथा प्राकृतिक एवम् मानव सिर्जित घटनाहरुले मानवीय, भौतिक, आर्थिक तथा सामाजिक रुपमा क्षेति पुर्याईरहेको हुन्छ। जस्तैः विद्युतीय दुर्घटना, स्यार्पुतालमा मानिस डुबेर मर्ने, भिरबाट लडेर मृत्यु हुने लगायतका घटनाहरु हुने गर्दछन ।

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

यस गाउँपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति आगलागी र बाढी पहिरो ले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च रहेको छ। मूलतः बाढी/पहिरोले घरजग्गा डुवान गर्ने, खेतियोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको र यसबाट अस्थायी वा स्थायी रूपमा वर्षेनी ३५० भन्दा बढि जनसङ्ख्या विस्थापित हुने गरेका छन्। त्यस बाहेक कोभिड-१९, डेँगु, झाडापखाला जस्ता महामारी, हावाहुरी, मानव-वन्यजन्तु द्वन्द्व,सुख्खा/खडेरी, आगलागी, चट्याङ, सडक दुर्घटना तथा २०८१ कार्तिकको भूकम्प जस्ता प्रकोपबाट पनि उल्लेख्य मात्रामा क्षति भएको छ।

यस गाउँपालिका क्षेत्रमा गत वर्षमा २१ पटक भन्दा बढी प्राकृतिक, गैर प्राकृतिक तथा जलवायु र गैरजलवायुजन्य साना र ठूला प्रकोप तथा विपद्का घटनाहरू घटेका छन्। यस गाउँपालिकामा आवृत्ति र गम्भिरताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरुको तुलनामा आगलागी र बाढी पहिरो को असर तथा प्रभाव बढी देखिएको छ जसको कारणले जनधन, व्यक्तिगत सम्पत्ति र अन्नपात समेत क्षति हुने गरेको छ। यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर बन्ने गरेको छ। यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकुलित बनाउन आवश्यक छ।

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा:

यस गाउँपालिकामा विगत तीस वर्ष यता विभिन्न समयमा घटेका प्राकृतिक, गैह्प्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| विपद् | घटनाको वर्ष | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|
| बाढी/पहिरो | २०२२ | भौतिक क्षति | वडा नं ३ को स्यार्पुताल, सल्लेचौर, डार्ने | बस्ती स्तान्तरण |

| विपद् | घटनाको वर्ष | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|
| | २०२९ | भौतिक, आर्थिक तथा कृषि क्षेत्रमा क्षति | वडा नं. ६ को जुगेनेटा, ध्याप | गा.पा. बाट आर्थिक सहयोग |
| | २०५५ | मानबीय क्षति | वडा नं. ८ को परीबन, घारी खोला | खोज |
| | २०५७ | मानव क्षति, भौतिक क्षति, आर्थिक क्षति | वडा नं ४ कालाखोला हस्ताबोट | सामान्य खोज तथा उद्दार |
| | २०६० | मानवीय तथा भौतिक क्षति | वडा नं ३ खर खोला डार्ने, बालुवाचौर | त्रिपाल वितरण |
| | २०७६ | मानवीय क्षति | वडा नं. ७ को दुली खोला | गा.पा. बाट आर्थिक सहयोग |
| | २०७७ | मानवीय क्षती | ढारखोला | गा.पा. बाट आर्थिक सहयोग |
| | २०७७ | मानवीय क्षति | झुला-स्याल | गा.पा. बाट आर्थिक सहयोग |
| | २०८१ | भौतिक आर्थिक क्षती | वडा नं. ७ ढारबाङ | गा.पा. बाट आर्थिक सहयोग |
| सलह किरा | २०२८ | कृषि क्षेत्र | पालिकाका सबै वडा | |
| | २०७७ | कृषि क्षेत्र | पालिकाका सबै वडा | |
| भोकमरी | २०२९ | खाद्यन्न अभाब,कृषि/आर्थिक क्षेत्र | पालिकाका सबै वडा | |
| | २०४२ को भोकमरी | कृषि तथा आर्थिक क्षत्र | सम्पुर्ण वडा | काम गरेवापत खाद्यान्य वितरण गरिएको |
| महामारी\ झाडापखाला | २०५० | मानबिय क्षती | वडा नं. ६ मग्मा ठुला गाउँ | खोज गरिएको |
| | २०६५ सालको झाडापखाला | मानवीय, आर्थिक क्षेती | सबै वडाहरु | |
| | २०५१ | कृषि तथा वन, भौतिक र आर्थिक | वडा नं. ६ मग्मा ठुला गाउँ | उद्दार राहत पुनर्स्थापना |
| आगलागी | २०५३ | भौतिक क्षेति मानवीय क्षेति | वडा नं. ४ सिमतारु | |
| | २०५९ | मानवीय, आर्थिक, भौतिक | मग्मा ठुला गाउँ | |
| | २०७६ | मानवीय, आर्थिक, भौतिक | जिपसिङ | |

| विपद् | घटनाको वर्ष | विषयक्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|
| | २०७६ | मानवीय, आर्थिक, भौतिक | जिपसिङ | |
| | २०७७ | मानवीय, आर्थिक, भौतिक | गाराबाङ | |
| | २०७७ | मानवीय, आर्थिक, भौतिक | नेपाने,सर्सुकाडा | खाद्य तथा आखाद्य तथा आर्थिक सहयोग |
| | २०८० | मानवीय, आर्थिक, भौतिक | नेपाने | खाद्य तथा आखाद्य तथा आर्थिक सहयोग |
| सड्क दुर्घटना | २०७० | मानवीय क्षेति | नदुवा | |
| | २०७१ | मानवीय क्षेति | बासथला | |
| | २०७३ | मानवीय क्षेति | बाँफिकोट | |
| | २०७४ | मानवीय क्षेति | दहजाने बाटो/दाब्ले | |
| | २०७५ | मानवीय क्षेति | मग्मा सालघारी | |
| | २०७५ | मानवीय क्षेति | मोचे खोला | |
| | २०७९ | मानवीय क्षेति | दुली वडा नं. ८ | |
| | २०८० | मानवीय क्षेति | गाराघाट वडा नं. १० | |

### २.३.२ विपद्को आवृत्ति र गम्भिरता

यस गाउँपालिकामा विगत तीस वर्ष यताका विपद्हरुको आवृत्ति र गम्भिरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:

| क्र.सं. | विपद् विवरण | आवृत्ति (Frequency) | गम्भिरता (Intensity) | कैफियत |
|---|---|---|---|---|
| १ | बाढी | ६० पटक | गम्भीर | |
| २ | पहिरो | ४०० पटक | गम्भीर | |
| ३ | महामारी | २ पटक | गम्भीर | |
| ४ | हावाहुरी | ६० पटक | कृषि बाली र आवास क्षति | |
| ५ | शितलहर/हिमपात | २ पटक | गम्भीर | |
| ६ | बाली तथा पशुरोगजन्य महामारी | १ पटक | गम्भीर | |
| ७ | मानव वन्यजन्तु द्वन्द्व | २ पटक | गम्भीर | |
| ८ | खडेरी | ३ पटक | गम्भीर | |
| ९ | आगलागि | ३०० पटक | गम्भीर | |
| १० | सड्क दुर्घटना | ५० पटक | गम्भीर | |

### २.३.३ विपद्बाट भएको क्षतिको विवरण:

यस गाउँपालिकामा विगत तीस वर्षमा विभिन्न विपद्बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छ:

| क्र.सं. | विपद्को किसिम | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति (रु. लाखमा) |
|---|---|---|---|---|
| १. | बाढी | | ९० | ३००० |
| २. | पहिरो | | ३५ | १२०० |
| ३. | महामारी | | ३५ | २००० |
| ४. | हावाहुरी | | ३ | २०० |
| ५. | शितलहर/हिमपात | | ६ | ८० |
| ६. | बाली तथा पशुरोगजन्य महामारी | | १२ | ८० |
| ७. | मानव वन्यजन्तु द्वन्द्व | | 0 | 0 |
| ८. | खडेरी | | 0 | ८० |
| ९. | आगलागि | | १० | ५० |
| १०. | सड्क दुर्घटना | | ३ | |

विक्रम सम्वत् २०७६ सालको माघ देखि शुरु भएको कोभिड-१९ महामारीले २०७९ सम्ममा यस गाउँपालिकामा १४९० जनामा संक्रमण भएको र सोबाट ११ जनाको मृत्य भएको छ। साथै यसबाट आर्थिक सामाजिक क्षेत्र समेत उल्लेख्य मात्रामा प्रभावित भएको छ।

विगत पाँच वर्षमा हावाहुरीले ३ जनाको मृत्यु, ६ जना घाईते, १५० घरहरु पूर्ण/आंशिक क्षति, १४ वटा विद्यालयका भवनहरू पूर्ण/आंशिक क्षति, अन्य भौतिक संरचनाहरू क्षति भएको छ भने १५ घरपरिवार प्रभावित भएका छन्। हावाहुरीले सामान्य रूपमा हरेक वर्ष क्षति पुर्‍याउने गरेको भएता पनि विक्रम सम्वत् २०७४ मा आएको हावाहुरीले सबैभन्दा बढी क्षति गरेको थियो, जसमा ३ जनाको मृत्यु र ६ जना घाईते हुनुको साथै १५० घरधुरीलाई क्षति पुर्‍याएको थियो।

उपलब्ध तथ्याङ्क अनुसार विगत पाँच वर्षमा भाएका आगलागीका घटनाबाट ३ जनाको मृत्यु भएको, १४ जना घाईते भएको, ३०० घरगोठ जलेर नष्ट भएको, घरमा भण्डारण भएको ९०० मुरी अन्न जलेको र १० वटा सामुदायिक वनमा आगलागी भएको पाईएको छ। खडेरी/सुख्खापन दिन प्रतिदिन बढदै गएको छ। पानीको माग बढे अनुरूप आपूर्ति हुन नसकेको अवस्था छ।

जङ्गली जनावरहरूको लागि आवश्यक र पर्याप्त खानेकुराको अभाव बढ्दै गएकोले यस्ता जनावरहरू वस्तीमा आई खेतिबाली नष्ट गर्ने क्रम बढ्दै गएको छ। छाडा छोडिएका पशुचौपायाहरूले समेत खेतमा लगाएको अन्नबाली नष्ट गर्ने गरेका छन्। तरकारी, अन्नबाली र पशुचौपायाहरूमा रोग/किटाणुको समस्या बढ्दै गएको छ। जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपहरूको प्रकृति, मात्रा र यसबाट हुने क्षति अझै बढ्न सक्ने अनुमान गरिएको छ।

### २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस गाउँपालिकाका १० वटा वडाका ६ वस्ति, १२ कृषि क्षेत्र र १२ वन क्षेत्रहरू बाढी/पहिरोको जोखिममा रहेका छन्। विश्वव्यापी महाव्याधी कोभिड-१९ को असर सबै वडामा रहेको देखिन्छ। हावाहुरी, शीतलहर, असिनापानी, खडेरीबाट प्रायः सबै वडाहरूमा असर पर्न सक्छ। जङ्गली जनावर र छाडा पशुचौपायाबाट जनधनमा क्षति हुने सम्भावना वडा नं २/३/५/६/७/९/१०/ वडाहरूमा बढी देखिन्छ। वनमा हुने

आगलागीबाट २/३/५/९/१०/ वडाहरूमा बढी असर पर्ने देखिन्छ। भूकम्पबाट हुन सक्ने क्षतिबाट भने सबै वडाहरू र जनसंख्या प्रभावित हुने अवस्था छ। यी प्रकोपहरूको वर्तमान प्रभाव क्षेत्र तथा सम्भावित जोखिमको नक्साङ्कन गर्ने कार्य*बाँकी रहेको/सम्पन्न भएको* छ।

### २.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

यस गाउँपालिकामा रहेका घरहरूको बनावट हेर्दा ६ रेक्टर स्केल म्याग्नेट्युडको भूकम्प गएमा कम्तिमा ३००० घरहरू बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावना आंकलन गरिएको छ। यस क्षेत्रमा बाढी/पहिरोले विगत वर्षहरूमा धेरै क्षति गरेको छ। विगत २०६० सालको वर्षको जत्तिकै ठूलो वर्षा भएमा ३००. घरपरिवारहरू (१५०० जना) प्रत्यक्ष प्रभावित हुनसक्ने देखिन्छ।

यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरू घट्ने तर कूल वर्षा ५ देखि ८ प्रतिशत सम्म बढ्न सक्ने आंकलन भएकोले भविष्यमा बाढी पहिरोको जोखिम बढ्ने सम्भावना देखिन्छ। अब्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकोले यसबाट जोखिम पनि बढ्न सक्ने देखिएको छ। तसर्थ, कम्तिमा पनि १ हजार भन्दा बढी घरधुरी (करिव ५ हजार जनसंख्या) लाई आपत्कालीन व्यवस्था गर्न सक्ने गरी बाढीपहिरोको विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ।

विगतको हावाहुरीको प्रवृत्ति हेर्दा यसबाट २०० घरधुरी (करिब १००० जनसंख्या) प्रभावित हुन सक्ने सम्भावना रहेको छ। सुख्खा/खडेरीले वर्षेनी अन्नबाली उत्पादनमा कमि आएको देखिन्छ। हिउँद याममा पानीको मूल र तालतलैया सुक्दै गएको र बढ्दो तापक्रमको कारणले भविष्यमा यस क्षेत्रमा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्नेछ। अनुमानित १५०० घरधुरिका ७५०० जनसङ्ख्याका लागि खडेरीका कारण हुने विपद् पूर्वतयारी गर्नु पर्ने हुन सक्दछ।

वन जङ्गल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जङ्गली जनावर वस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानीका घटना बढिरहेको गुनासाहरू आउने गरेका छन्। भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी, मिचाहा प्रजातीको वनस्पतीको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा वासस्थानको थप विनाश भई खेतिबाली र वस्तीमा जङ्गली जनावरहरू आउने क्रम अझ बढ्न सक्ने देखिन्छ। यसबाट मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दै जानसक्ने सम्भावना देखिएको छ। हरेक वर्ष खडेरी लगातार बढ्दै गएमा कतिपय वन्यजन्तुको सङ्ख्या घट्ने वा मासिन सक्ने सम्भावना समेत रहेको छ। संरक्षणका प्रयासहरूले मानव-वन्यजन्तु द्वन्द्व समाधान गर्न सकिने हुँदा यस तर्फ विशेष ध्यान दिन जरुरी देखिएको छ। मानव-वन्यजन्तु द्वन्द्वबाट वार्षिक ४/५ जना घाईते, १/२ जनाको मृत्यु हुनाका साथै रु १५/२० लाख बराबरको सम्पत्तिको क्षति हुन सक्ने सम्भावना देखिन्छ।

विकास तथा जीविकोपार्जनको लागि गरिने क्रियाकलापहरु जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी सञ्चालन गर्ने व्यवस्था नमिलाएसम्म अन्य प्रकोपहरूबाट पनि यस गाउँपालिकामा जोखिम बढ्ने सम्भावना देखिन्छ।

### २.६ पूर्वसूचना प्रणालीको अवस्था

यस गाउँपालिकामा बाढी, पहिरो, डढेलो, आदि प्रकोपको पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन । स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सम्पर्क स्थापित गरी सूचना आदान प्रदान गर्ने गरिएको छैन । तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटीय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह गेज रिडरलाई सिधै सम्पर्क गरी सूचना प्राप्त गर्ने गरिएको छैन ।

### २.७ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था

यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूची-८** मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ९ वटा विषयक्षेत्र

हेर्न अगुवा संस्था तोकी  सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ। विषयक्षेत्रका अगुवा संस्था र तिनमा कार्यरत पदाधिकारीहरूको विवरण **अनुसूची-९** मा संलग्न गरिएको छ।

यस गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई स्थापना गरिएको छ। १० वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिका र अन्य श्रोतबाट गरी रकम रु.  १५०००००/ जम्मा भएको छ। कोष सञ्चालन तथा परिचालनको लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरिएको छ। यस वाहेक गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम, मार्गदर्शन तथा आवश्यक मार्गदर्शनहरू बनेका/बन्ने क्रममा रहेका छन्।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ९  वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ:

१) समग्र व्यवस्थापन क्षेत्र।
२) सूचना, खोज तथा उद्धार क्षेत्र।
३) खाद्य तथा कृषि क्षेत्र।
४) स्वास्थ्य तथा पोषण क्षेत्र।
५) खानेपानी, सरसफाइ र स्वच्छता प्रवद्र्धन क्षेत्र।
६) आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र।
७) संरक्षण तथा सुरक्षा क्षेत्र।
८) आपत्कालीन शिक्षा क्षेत्र।
९) शीघ्र पुनर्लाभ क्षेत्र।

### २.८.१ समग्र व्यवस्थापन क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.२ सूचना, खोज तथा उद्धारको क्षेत्र

यो विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपदको अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चारमाध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपका कारण समस्यामा परेका घाइतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन वा हस्तान्तरणको प्रबन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ
।

### २.८.३ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.४ स्वास्थ्य तथा पोषण क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ।

### २.८.५ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, ....) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.६ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर–खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.७ संरक्षण तथा सूरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.८ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुर्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.९ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

माथि उल्लिखित विषयक्षेत्र अन्तर्गत क्रियाशील रहेका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण **अनुसूची-१०** मा संलग्न गरिएको छ।

परिच्छेद तीन

# पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन्। यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो। विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ:

### ३.१.१ समग्र व्यवस्थापन

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष असोज सम्म | गाउँपालिका | २५ | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिम आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन र शित लहर/ हिमपात शुरु हुनु पूर्व २ पटक | गाउँपालिका र हरेक वडामा | ३३ | गाउँपालिका मा एक र हरेक वडामा एक एक वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | गाउँपालिका | ३२ | ६५०० प्रति | सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष मंसिर सम्म | गाउँपालिका | ६० | ३५०० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | वडा तहमा | १०० | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | | | | | | विषयक्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष पौष सम्म | वडा तहमा | २३ | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने | निरन्तर | निरन्तर | ६५ | हरेक वडामा कम्तिमा एक सेट | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | गाउँपालिका | ० | २ वटा एम्वुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ शाखा |
| ९ | बाढी÷पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा अनुसार | ० | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची सामाजिक सन्जाल/वेभसाइट/ स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | ० | प्रत्येक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | १५० | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने | आवश्यक्ता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | ७८६ | ४० वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| १३ | बाढी÷पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी,अत्याधिक चिसो आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्त | गाउँपालिकामा सञ्चालित एफ.एम, पत्रपत्रिका, माईकिङ् आदि | ५० | प्रकोपको सम्भावित समय अगावै कम्तिमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १४ | मानिसको ज्यान लिनसक्ने जङ्गली जनावरहरू बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शिघ्र सूचना दिने प्रणालीको विकास गर्ने | निरन्तर | वडास्तर वा सम्भव भएसम्म वस्तीस्तर | ५० | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समुदाय, विषयक्षेत्र |
| १३ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने÷गराउने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | ४५ | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १४ | मनसुन योजना तर्जुमा / बाढी पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी / सूचना संयन्त्रको विकास र सुरक्षित स्थानको पहिचान/ आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यलाई प्रभावकारी / जलमापकहरूको सम्पर्क नम्बर उपलब्ध गराउने / जोखिममा रहेका व्यक्ति वा समूह पहिचान/ | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | ० | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १५ | क्षेत्रगत निकायहरूसँग समन्वय/ विपद् व्यवस्थापनमा कृत्रिम घटना अभ्यास / उद्धार सामाग्रीहरूको सङ्कलन / सुरक्षा निकायका इकाईहरू तथा | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | ५५ | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | समुदायस्तरका तालिम प्राप्त स्वयंसेवकहरूको सम्पर्क सूची तयार / सुरक्षा निकाय तथा समुदाय स्तरमा रहेका उद्धार समूह(टिम)लाई अभिमुखीकरण/ मौज्दात सामाग्रीहरूको जाँच/परीक्षण | | | | | |

### ३.१.२ सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद्घटना अगावै प्रायः सबै प्रकोपलाई ध्यानमा राखेर गर्नुपर्ने सूचना र खोज तथा उद्धारकोसामान्य पूर्वतयारीसम्बन्धी कार्यहरूका योजना देहायअनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु. हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने। | प्रत्येक वर्ष असोजसम्म | गाउँपालिका | १५ | आवश्यकता अनुसार | विषयगत शाखा, विपद् व्यवस्थापन समिति |
| २ | विपद्का कष्ति नोक्सानी मुल्यांकनको लागि सर्वेक्षण टोली गठना र पुर्गठन गरी आवश्यकता बमोजिम सर्वेक्षणको लागी साहायता टोली गठन गर्ने र तालिम आयोजना गर्ने। | प्रत्येक वर्ष मनशुन सुरु हुनु पूर्व | गाउँपालिका | ५४ | गाउँपालिकाको १ र प्रत्यक वडामा १-१ वटा | विषयगत शाखा, विपद् व्यवस्थापन समिति |
| ३ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने। | प्रत्येक वर्ष कात्तिकसम्म | गाउँपालिका | ३४ | आवश्यकता अनुसार | विषयगत शाखा, विपद् व्यवस्थापन समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्रकोपको प्रकृतिअनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने र टोलीमा सबै समुदायको सहभागिता सुनिश्चित गर्ने । | प्रत्येक वर्ष कात्तिकसम्म | गाउँपालिका | ० | हरेक वडामा एक वटा | विषयगत शाखा, विपद् व्यवस्थापन समिति |
| ५ | खोज तथा उद्धारका सामग्री खरिद, भण्डारण, मर्मत र समग्र व्यवस्थापन विषयगत क्षेत्रसँग मिली व्यवस्थापन गर्ने । | निरन्तर | गाउँपालिका | २३४ | हरेक वडामा एक वटा | विषयगत शाखा, विपद् व्यवस्थापन समिति |
| ६ | मानिसको ज्यान लिनसक्ने जंगली जनावर बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शीघ्र सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | गाउँपालिका | २३१ | आवश्यकताअुसार हरेक वडामा | विषयगत शाखा, विपद् व्यवस्थापन समिति |
| ७ | पूर्वानुमान सूचना तथा सतर्कता सन्देशका लागि सञ्चारका विविध च्यानलको विस्तृत अभिलेख राख्नेसाथै उक्त सामग्री वैकल्पिक माध्यममा उपलब्ध गराउने । जस्तैः स्थानीय भाषा, ब्रेल, अडियोआदि । | प्रकोपको सम्भावित समयअगा | गाउँपालिका | २१३ | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एक पटक | नगर कार्यपालिका, स्थानीय विपद्व्यवथापन समिति र सूचना प्रविधि अधिकृत, प्रशासन शाखा, योजना शाखा, आर्थिक प्रशासन शाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सञ्चारका लागि भिएचएफ सेट वाकीटकी राख्ने। | प्रकोपको सम्भावित समयअगावै | गाउँपालिका | ३४२ | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगर कार्यपालिका, स्थानीय विपद्व्यवथापन समिति र सूचना प्रविधि अधिकृत, प्रशासन शाखा, योजना शाखा, आर्थिक प्रशासन शाख |

### ३.१.३ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | निरन्तर | गाउँपालिका | ० | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | ४५६ | वर्षको २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा | प्रकोपको सम्भावित | गाउँपालिका स्तर | ० | कम्तिमा ५ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | अनुवन्ध करार गर्ने | समय अगावै | | | | |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका÷प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | २३ | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ५ | बिउ बैंक निर्माण | निरन्तर | गाउँपालिका स्तरमा | ६५७ | पालिका स्तरमा एउटा | कृषि शाखा, गाउँपालिका |
| ६ | कृषि तथा पशु बिमा | निरन्तर | वडा स्तरमा | १००० | आवश्यकता अनुसार | कृषि शाखा, गाउँपालिका, वडा कार्यालय |
| ७ | आकश्मिक रोग किरा नियन्त्रण | निरन्तर | गाउँपालिका स्तरमा | २३४ | पालिका स्तरमा एउटा | कृषि शाखा, गाउँपालिका |

### ३.१.४ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू प्रभावकारी भण्डारण गर्ने | हरेक महिना, औषधिको गुण अनुसार | गाउँपालिकास्तर | ४५६ | १२००० जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँपालिकास्तर | ४३ | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र,गाउँपालिका |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने | वडा संख्या र जनसंख्या अनुसार | गाउँपालिकास्तर | ० | गाउँपालिका स्तर:३० जना वडास्तर: ७ जना | स्वास्थ्य शाखा, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | गाउँपालिकास्तर | ३४ | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | कोभिड-१९ महाव्याधी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | नियमित | जोखिमयुक्त वस्तिहरुमा | ४५ | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | महिनावारी, गर्भवती,नवजात शिशु, अपाङ्ग ,शुत्केरी महिलालाई चाहिने आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गर्ने | नियमित | वडा स्तरमा | २३४२ | कम्तिमा ६ महिनाम एक पटक | स्वास्थ्य शाखा, |
| ७ | एम्बुलेन्स तथा स्वास्थ्य क्षेत्रको प्रभावकारी प्रयोग तथा परिचालन गर्ने | नियमित | गाउँपालिका स्तरमा | १२४१ | निरन्तर | स्वास्थ्य शाखा, गाउँपालिका |
| ८ | जडिबुडि तथा आयुर्बेधिक औषधिको पहिचान तथा व्यवस्थापन एवम् भण्डारण गर्ने | नियमित | गाउँपालिका स्तरमा | ३४४३ | निरन्तर | स्वास्थ्य शाखा, गाउँपालिका |
| ९ | प्राथमिक उपचार सम्बन्धि सामग्रीको व्यवस्था गर्ने | नियमित | गाउँपालिका स्तरमा | ४५३ | निरन्तर | स्वास्थ्य शाखा, गाउँपालिका |

### ३.१.५ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने खानेपानी, सरसफाई र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | २३४ | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | २३३ | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका स्तर | ४५३ | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदायस्तर मा | ० | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| ५ | पानी शुद्दीकरणको लागी जनचेतना मूलक कार्यक्रम संचालन गर्ने | विपद् पछि र अघि वा बषार्तको समय अगाबै | गाउँस्तरमा | २३४ | निरन्तर | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |

### ३.१.६ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | २१३४ | वडाको कुल जनसंख्याको कम्तिमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाईटी |
| २ | सम्भावित आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने। | आवश्यकता अनुसार | थोक विक्रेता/ खुद्रा विक्रेता/ सहकारी/ ठूला कृषक | ३२१३ | २० प्रतिशत परिवारका लागि | गाउँपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाईटी |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन, नक्सांकन र संरक्षण गर्ने। | निरन्तर | सबै वडामा | ३२४१ | वडाको कुल जनसंख्याको कम्तिमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर–खाद्य सामग्री सेटहरू भण्डारण गर्ने। | निरन्तर | गाउँपालिका स्तर, गोदाम घरहरु (Warehouse) | ५४५६ | कम्तिमा २० प्रतिशत परिवारका लागि | गाउँपालिका, वडा कार्यालय<br>नेपाल रेडक्रस सोसाईटी, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका स्तर | ५००१ | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | मनसुन सुरुहुनु भन्दा अगाडी | वडास्तर | २३४ | हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र |

### ३.१.७ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सूरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जनचेतनामुलक कार्यक्रम संचालन गर्ने | निरन्तर | गाउँपालिका स्तर | २३१ | प्रत्येक ३-३ महिनामा | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने। | निरन्तर | गाउँपालिका का गोदाम घरहरू | ४५६७ | यस्तो जनसंख्याको कम्तिमा २० | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | | | | | प्रतिशतलाई पुग्ने | |
| ३ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने। | तत्काल | गाउँपालिका स्तर | ३५०० | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ४ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने। | प्रत्येक वर्ष १ पटक | गाउँ पालिका स्तर | २५० | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट २ जना महिला स्वास्थ्य स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | निरन्तर | वडास्तरमा | २१० | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.८ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने आपतकालिन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | बजेट रु. हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरी, चिसोले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आंकलन गर्ने। | वर्षको १ पटक | वडास्तरमा | ० | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू | निरन्तर | गाउँ/ | ५००१ | १० वटा विद्यालयको | शिक्षा शाखा, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | बजेट रु. हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | तयारी अवस्थामा राख्ने। | | नगरस्तर | | लागि | सम्बन्धित विद्यालय |
| ३ | जाडोबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | विद्यालयस्तरमा | २५० | ४४ वटा | शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |
| ४ | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने। | निरन्तर | गाउँ/नगरस्तर,विद्यालय स्तर | २५० | ४४ वटा विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | वातावरण तथा विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | विद्यालयहरूमा भएको भौतिक अवस्थाहरूको पहिचान/ क्षमता विकासका कार्यक्रम सञ्चालन / जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन / विद्यालय स्तरमा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन / निजी तथा सामुदायिक विद्यालयको तथ्याङ्क अद्यावधिक गर्ने र सोको लागि क्षमता पहिचान | निरन्तर | वडास्तर,विद्यालय, विद्यार्थी र अभिभावक स्तरमा | २०० | ४४ वटा विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | वातावरण तथा विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### ३.१.९ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | बजेट रु.हजारमा | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालय र हातेपम्प व्यवस्था गर्ने। | निरन्तर | वडास्तरमा | ६०० | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | गाउँ/ नगरस्तर, वडास्तरमा | ८७१ | गाउँ/ नगरस्तरमा एक र वडास्तरमा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा र विषयक्षेत्र |
| 3 | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | गाउँपालिका रस्तर | ३४५ | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |
| 4 | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यापार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | विपद् पश्चात तत्काल | गाउँपालिका स्तर | २३५ | प्रभावित समूदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

### 3.2 पूर्वानूमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ। प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरूको योजना देहाय बमोजिम तर्जुमा गरिएको छ:

### 3.2.1 समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको गर्नुपर्ने पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत), प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदानदप्रदान गर्ने। | माघ देखि असोज सम्म | गाउँ/ नगरस्तर | दिनमा कम्तिमा १ पटक | स्थानीय आपत्कालित कार्यसञ्चालन केन्द्र/ वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| २ | बाढी/पहिरो, हावाहुरी र खराब मौसमको सूचना प्राप्त हुनासाथगाउँ/नगरवासी/समुदायलाई सतर्कता अपनाउन सूचना सम्प्रेषण गर्ने। | पूर्वानुमान प्राप्त भए लगत्तै | गाउँ/नगर केन्द्रबाट समुदायसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खवर पश्चात दिनमा कम्तिमा ३ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | विपद् बाट हुनसक्ने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने। | पूर्वानुमान प्राप्त भए लगत्तै | गाउँ/नगरस्तर | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक र आवश्यकता अनुसार थप | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ४ | पूर्वानुमान अनुसार वडास्तरीय समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने। | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँ/नगरस्तर | जोखिममा रहेका सबै समुदाय | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण सङ्कलन टोलीलाई तयारी अवस्थामा राख्ने। | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँ/नगरस्तर | वडास्तरमा | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय |

### 3.2.2 खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार थप | कृषि शाखा, विषयक्षेत्र |
| २ | भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गरी अद्यावधिक गर्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | सूचना प्राप्त भएपछि एक पटक | कृषि शाखा |
| 3 | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरू ढुवानीका लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### 3.2.3 स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र. सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा पोषण विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात तत्काल | गाउँ/ नगरस्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| २ | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधी तथा उपकरण निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति र सवारी साधन तयारी अवस्थामा | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/नगरस्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |

| क्र. सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | राख्ने। | | | | |
| ४ | कोभिड-१९ लगायतका महामारीबाट सुरक्षित रहन र सतर्कता अपनाउने उपाय बारे स्थानीय टेलिभिजन, एफ.एम. रेडियो र सामाजिक सञ्जाल लगायतका माध्यमबाट प्रसारण र जानकारी प्रवाह गर्ने। | पूर्वानूमानको जानकारी प्रश्चात | वडा र समुदाय स्तरमा | प्रकोपको आधारमा निरन्तर गर्ने | गाउँपालिका स्वास्थ्य शाखा, सूचना तथा प्रविधि शाखा र विषयक्षेत्र |
| | स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन/ औषधिहरूको आवश्यकता पहिचान गरी अतिरिक्त सामान मौज्दात (वफर स्टक)को चेक जाँच/ महामारीको संक्रमण रोकथाम सम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन / अस्पतालमा फिवर क्लिनिक सञ्चालन / एम्बुलेन्स व्यवस्थापन | पूर्वानूमानको जानकारी प्रश्चात | वडा र समुदाय स्तरमा | प्रकोपको आधारमा निरन्तर गर्ने | गाउँपालिका/ स्वास्थ्य शाखा, सूचना तथा प्रविधि शाखा र विषयक्षेत्र |

### 3.2.4 खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँ/ नगरस्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | सामाजिक विकास शाखा र विषयक्षेत्र |
| २ | खानेपानी शुद्धिकरणका लागि क्लोरिन, पियुष जस्ता औषधि तथा प्रविधिको निरिक्षण गरी तयारी | पूर्वानुमान को जानकारी | गाउँ/ नगरस्तर | सम्भावित प्रकोपको समय अनुसार | खानेपानी तथा सरसफाई शाखा र विषयक्षेत्र |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | अवस्थामा राख्ने। | पश्चात | | | |
| ३ | सरसफाईका लागि परिचालन हुनु पर्ने जनशक्ति, सवारी साधन र उपकरणहरू तयारी अवस्थामा राख्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँ/ नगरस्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ४ | मौज्दात सामाग्रीहरूको अद्यावधिक अभिलेख तयार / थप आवश्यक खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित सामाग्रीहरूको अग्रिम भण्डारण/ क्षमता विकासका कार्यक्रम सञ्चालन/ जनचेतना अभिवृद्धि / खानेपानी तथा सरसफाइ विषयगत क्षेत्रका सदस्यहरूबीच समन्वय र सहकार्य / अनुगमन तथा मुल्यांकन | | | | |

### 3.2.5 आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपतकालिन आश्रय र गैर खाद्य सामागी क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | आपतकालिन आश्रय र गैर-खाद्य सामग्री विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| २ | आपत्कालीन आश्रय स्थलको निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | तत्कालै | वडास्तर | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति र विषयक्षेत्र |
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा | पूर्वानुमानको जानकारी | गाउँ/ नगरस्तरमा | सम्भावित प्रकोपको समय | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस |

| क्र. सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | **बजेट(रु. हजारमा )** | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | औजारहरू निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | पश्चात | | अनुसार | सोसाइटी, र विषयक्षेत्र |
| ४ | सामग्री तथा औजारहरू ढुवानीको लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| | साझेदार संस्थाहरूसँग नगद र जिन्सी सहितको राहत सामाग्रीहरूको परिमाण तयार पार्ने / राहत सामग्री वितरण प्रक्रिया निर्धारण / गैरखाद्य वस्तु उपलव्ध गराउन सक्ने विक्रेताहरू पहिचान गरी आपत् कालीन अवस्थामा सामान उपलव्ध गराउने गरी सम्झौता/ गैर खाद्य सामाग्री वितरणको प्रक्रिया मिलाउने / शिविर व्यस्थापनको लागि आवश्यक स्थानहरू पहिचान/ | पूर्वानुमानको जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |

### ३.२.६ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने संरक्षण र सूरक्षा क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | संरक्षण तथा सूरक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | २५ | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँ/ नगरस्तर, वडास्तर | ३५ | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्या शाखा, शिक्षा शाखा, विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्नेडिग्निटी किट लगायतका सरसामानहरूको निरिक्षण गरी तैयारी अवस्थामा राख्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँ/ नगरस्तरमा | ११२ | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

### ३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र. सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | **बजेट(रु. हजारमा)** | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | आपत्कालीन शिक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँपालिका स्तरमा | ५० | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा र विषयक्षेत्र |
| २ | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने। | समन्वयात्मक बैठक पश्चात | विद्यालयस्तरमा | १५ | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा |
| ३ | विपद्को समयमा अपनाउनुपर्ने | तत्काल | विद्यालयस्तर | ११५ | सम्भावित प्रकोपको | शिक्षा शाखा तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सावधानी र सूरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने। | | मा | | सिजन अनुसार | सम्बन्धित विद्यालय |
| ४ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने। | तत्काल | गाउँपालिका स्तरमा | २२५ | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय, विषयक्षेत्र |

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपकालिन शिक्षा क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहायअनुसार तर्जुमा गरिएको छ:

### ३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | बजेट( रु. हजार मा) | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| १ | शिघ्र पुनर्लाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तर | ५५ | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | अत्यावश्यक सेवा सुचारू गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरू निरिक्षण गरी र तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तर | २३ | सम्भावित प्रकोपको समय अनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तर | १० | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ४ | पुर्ननिर्माणका सामाग्रीहरु मौज्दात राख्ने/काठ दाउरा उपलब्ध गराउन वन तथा सामुदायिक वन महासंघसँग | नियमित कार्यको रुपमा | गाउँपालिका स्तर | २२५ | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | बजेट( रु. हजार मा) | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|---|
| | छलफल गर्ने /प्राविधिक टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखीकरण गरी प्रभावित स्थानमा परिचालन गर्ने/ समन्वय, स्रोत पहिचान र पुर्ननिर्माणको कार्ययोजना बनाउने/ जिल्ला प्रशासन कार्यालयमा भएको विपद् व्यवस्थापन कोषलाई अभिबृद्धि गर्ने/ स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरूसँग मौज्दात रहेका काठको अद्यावधिक विवरण तयार गर्ने / अस्थायी आश्रयस्थलको लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरूको भवनहरूको विवरण अध्यावधिक गर्ने/जिल्ला तथा स्थानीयस्तरमा रहेका तालिम प्राप्त सिकर्मी,डकर्मीहरूको अभिलेख राख्ने | | | | | |

### ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरू पर्दछन्। यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन्। विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरू परिचालन गर्न तपशिल बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छ:

#### ३.३.१ समग्र व्यवस्थापन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

मुख्य विपद्का किसिम : भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट जनधनको क्षति ।

अनुमानित अवस्था वा सम्भावित परिदृश्य : उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका ३५०० घरधुरीहरू प्रभावित भई जम्मा १८२००जनसंख्या प्रभावित भएको । मानिसहरू घाइते भएको, मृत्यु भएको अवस्थामा रहेको । महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई उद्धार तथा राहत सहयोगको तत्काल आवश्यकता रहेको ।

(स्रोतः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरूप भूकम्प जहिलेसुकै आउनसक्ने हुनाले पहिलो प्राथमिकीकरण गर्न आवश्यक देखिन्छ ।)

विषयगत उद्देश्यः

- विपद् प्रभावित र दुर्घटनाग्रस्त क्षेत्रमा समन्वय खोज तथा उद्धार कार्य प्रभावकारी बनाई थप घाइतेहरूको मृत्युहुन नदिनेगरी छिटो र प्रभावकारी सूचना प्रवाह गर्ने ।
- प्रभावकारी रूपमा खोज तथा उद्धार कार्य गरी विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्ने ।
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकताअनुसार अस्पताल पु¥याउने व्यवस्था मिलाउने ।
- बालबालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकताका साथ खोज तथा उद्धार कार्य गर्ने ।
- प्रभावित क्षेत्रको सूचना संकलन गर्ने ।
- आवश्यकताअनुसार अन्य निकायहरूसँग समन्वय गर्ने ।

समग्र व्यवस्थापन क्लस्टर अगुवा र सहयोगी सदस्यहरूको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | तारा बुढा के.सी. | बाँफिकोट गा.पा. | पालिका उपाध्यक्ष | ९७६७८७६१७३ | tarabudha@gmail.com |
| २ | गणेश वि.क. | बाँफिकोट गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८८७२९ | ganeshrashaili05@gmail.com |
| ३ | प्रवेश परियार | बाँफिकोट गा.पा. | विपद् शाखा प्रमुख | ९८४४९७६६११ | prabesh.ruum@gmail.com |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने एकिन भएमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र, गाउँकार्यपालिका |

| | | | |
|---|---|---|---|
| २ | विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न व्यवस्थापन मिलाउने । स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना तयार गर्न आवश्यक अध्ययन गर्ने । | प्रत्येक वर्ष मनसुन सुरुहुनु पुर्व | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र, गाउँकार्यपालिका |
| ३ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति , गाउँकार्यपालिका |
| ४ | प्रारम्भिक द्रुत लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार पार्ने । | प्रत्येक वर्ष जेठसम्म | विपद् सम्पर्क व्यक्ति |
| ४ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी गर्ने। | तत्काल | सूरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ५ | तत्कालै घटनाको अवलोकन, निरिक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने। | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली |
| ६ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण/व्यवस्थापन गर्ने। | विपद्को समयमा | सूरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाईटी, स्वयम् सेवक |
| ७ | पीडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुर्‍याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने। | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ८ | बहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको विषयक्षेत्र केन्द्रित प्रतिवेदन (प्रारम्भिक द्रुत्त लेखाजोखा) स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने। | विपद् पश्चात ७ दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाईटी, वडास्तरीय समिति, विषयक्षेत्र |
| ९ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने/गराउने । | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| १० | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते | विपद् पश्चात तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति, वडा कार्यालय |

| | | | |
|---|---|---|---|
| | भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने। | | |
| ११ | विपद्को सङ्कटकाल घोषणा गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिश गर्ने। | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति |
| १२ | स्थानीय राहात मापदण्ड तयार गर्ने | विपद् पूर्व(हरेक वर्ष बैशाख महिनामा ) | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.३.२ सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्यसम्बन्धी योजना देहाय अनुसार तर्जुमा गरिएको छः

मुख्य विपद्का किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट जनधनको क्षति।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका ३५०० घरधुरीहरू प्रभावित भई जम्मा १८२०० जनसंख्या प्रभावित भएको। मानिसहरू घाइते भएको, मृत्यु भएको । महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई उद्धार तथा राहत सहयोगको तत्काल आवश्यकता रहेको।

(स्रोतः विपद् जो खिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरूप भूकम्प जहिलेसुकै आउनसक्ने हुनाले पहिलो प्राथमिकीकरण गर्न आवश्यक देखिन्छ।)

विषयगत उद्देश्यः

- विपद् प्रभावित र दुर्घटनाग्रस्त क्षेत्रमा समन्वय खोज तथा उद्धार कार्य प्रभावकारी बनाई थप घाइतेहरूको मृत्यु हुन नदिनेगरी छिटो र प्रभावकारी सूचना प्रवाह गर्ने।
- प्रभावकारी रूपमा खोज तथा उद्धार कार्य गरी विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्ने।
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकताअनुसार अस्पताल पु¥याउने व्यवस्था मिलाउने।
- बालबालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकताका साथ खोज तथा उद्धार कार्य गर्ने।
- प्रभावित क्षेत्रको सूचना संकलन गर्ने।
- आवश्यकताअनुसार अन्य निकायहरूसँग समन्वय गर्ने।

सूचना, खोज तथा उद्धार क्लस्टर अगुवा र सहयोगी सदस्यहरूको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | जोग बहादुर चन्द | वडा नं. ९ | वडा अध्यक्ष | ९८१०९५८८४८ | jog.chand2037@gmail.com |
| २ | झुपलाल वली | बाँफिकोट गा.पा. | सूचना प्रविधि अधिकृत | ९८०६२१३२१३ | olij993@gmail.com |
| ३ | कमला के सी मल्ल | वडा नं. १ | कार्यपालिका सदस्य | ९८४३२८८५५७ | |

### ३.३.३ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

मुख्य विपद्को किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट जनधनको क्षति।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका ३५०० घरधुरीहरू तथा जम्मा १८२०० व्यक्ति प्रभावित हुन सक्नेछन्। मानिसहरूलाई खानेकुराको अभाव रहनेछ।अन्नपात पुरिएको वा नष्ट भएको हुनेछ र इन्धन समेत हुने छैन। महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूका लागि पोषिलो खानेकुराको अभाव हुनेछ।

(स्रोतः विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरूप भूकम्प जहिलेसुकै आउनसक्ने हुनाले पहिलो प्राथमिकीकरण गर्न आवश्यक देखिन्छ।)

विषयगत उद्देश्यः

- विपद्प्रभावित र दुर्घटनाग्रस्त क्षेत्रमा खाद्यान्न अभाव हुन नदिन प्रभावकारी व्यवस्था मिलाई थप घाइतेहरूकोमृत्यु हुन नदिनेगरी छिटो र प्रभावकारी व्यवस्था गर्ने।
- प्रभावकारी रूपमा राहत वितरण गरी विपद्बाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्ने र अवस्था बिग्रिन नदिने।
- कृषि क्षेत्रमा भएको क्षतिको सूचना संकलन गर्ने।
- कृषि क्षेत्रलाई चलायमान बनाउने।

## खाद्य तथा कृषि क्षेत्रको सदस्यहरुको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | तिलबिर के.सी. | वडा नं. ३ | वडा अध्यक्ष | ९८६९९८२६०८ | lekhak469@gmail.com |
| २ | लेखक खड्का | कृषि शाखा | अधिकृत स्तर सातौं | ९७४४३४७७५४ | |
| ३ | रिता जैसी | वडा नं. ४ | कार्यपालिका सदस्य | ९८०६२१९०६० | |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | कृषि शाखा र विषयक्षेत्रका सदस्यहरु |
| २ | विपद्बाट प्रभावित भएकाहरूलाई खाद्यान्न वितरण गर्ने। | विपद्को पहिलो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने। | दोस्रो दिन देखि निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा, वडास्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ५ | प्रतिकार्यका लागि गाउँपालिकाको क्षमताले नभ्याउने भएमाथप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा थप सहयोग उपलब्ध गराउन अनुरोध गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष/ नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत |
| ६ | थप खाद्य सामग्री आवश्यक भएमास्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदनस्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने। | प्रतिकार्यको आधारमा कम्तिमा एक पटक | कृषि शाखा,<br>विषयक्षेत्र |

### ३.३.४ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य तथा पोषण क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

मुख्य विपद्का किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपहरू।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाको ३५०० घरधुरीहरू प्रभावित हुदा १८२०० व्यक्ति प्रभावित भई उनीहरू शिविरमा बस्नुपर्ने अवस्था भएको, स्वास्थ्य संस्थाहरू भत्किएको, मानिसहरू घाइते भएका, बिरामी भएका, मृत्यु भएका र महामारी फैलिनसक्ने सम्भावना रहेको।

विषयगत उद्देश्यः

- आरआरटी टोली परिचालन गरी घाइते व्यक्तिहरूको उपचार कार्यमा सहयोग पुर्याई थप क्षति हुन नदिने र गम्भीर प्रकृतिका घाइतेहरूलाई अस्पताल पठाउने व्यवस्था मिलाउने।
- झाडापखाला, ज्वरो, टाइफाइड, दादुराजस्ता महामारी फैलिन नदिन जनचेतना फैलाउने र त्यसको व्यवस्थापन गर्ने।
- संकटासन्न समूह जस्तैः गर्भवती तथा सुत्केरी महिलाहरू, ज्येष्ठ नागरिकहरू र अपांगता भएका व्यक्तिहरूलाई विशेष उपचारको व्यवस्था गर्ने।

#### स्वास्थ्य तथा पोषण क्षेत्रको सदस्यहरुको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | हरि चन्द | वडा नं. १० | वडा अध्यक्ष | ९८५११८५५८२ | |
| २ | लाल बहादुर ओली | स्वास्थ्य शाखा | शाखा प्रमुख | ९८६६८५३८८२ | olilalu88@gmail.com |
| ३ | लक्ष्मी जैसी | बहुक्षेत्रिय पोषण | शाखा प्रमुख | ९८६४९२४२२० | |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | विपद्को घटनामा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| | | | |
|---|---|---|---|
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाईते तथा विरामीलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ४ | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | औषधी, सूरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानीटाइजर, साबुन) तथा उपकरण (थर्मल गन,भेन्टिलेटर,फ्रिज, टेष्टिङकिट) लगायतका सामग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका,स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.३.५ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

मुख्य विपद्को किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट खानेपानीको संरचनामा क्षति भई खानेपानी तथा सरसफाइका लागि पानी अभाव ।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका ४,३९८ घरधुरी मध्ये ३५०० घरधुरी प्रभावित हुदा २१०३३ मध्ये १,०२५ व्यक्ति समेत प्रभावित भई शिविरमा बस्नुपर्ने अवस्था हुनेछ । खानेपानीको पाइपलाइन र मुहान बिग्रिएको, पानीमा दूषित र अखाद्य पदार्थ मिसिएको, शिविरमा पिउनयोग्य पानी र सरसफाइका लागि पानी अभाव हुने अवस्था सिर्जना हुनेछ । शौचालय नहुदा जथाभावी दिसापिसाब गर्दा महामारी फैलिने जोखिम बढ्ने र प्रभावितहरूले दूषित खानेपानी उपभोग गर्नुपर्ने अवस्थाको सिर्जना हुनसक्ने देखिन्छ ।

विषयगत क्षेत्रको उद्देश्यः

- वैकल्पिक खानेपानीको व्यवस्था मिलाई विपद्मा परेका व्यक्तिहरूलाई स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था मिलाउने ।
- शिविरमा रहेको अवस्थामा महामारी फैलिन नदिनका लागि शिविर तथा शौचालय व्यवस्थापनको कार्य व्यवस्थित गर्ने ।
- पानी शुद्धीकरणसम्बन्धी व्यवस्था मिलाउने ।
- पानी वितरण कार्य व्यवस्थित गरी सबैको स्वच्छ खानेपानीको सेवामा पहुँच बढाउने ।

**खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सदस्यहरुको विवरण**

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | नर बहादुर खत्री | वडा नं. ७ | वडा अध्यक्ष | ९८२२९५४२३६ | |
| २ | जितेन्द्र प्रशाद यादव | बाँफिकोट गा.पा. | अधिकृत स्तर सातौ(इन्जिनियर) | ९७४८२६३१५९ | jitendraonline2019@gmail.com |
| ३ | धन बहादुर खड्का | वडा नं. ८ | वडा अध्यक्ष | ९८६८९००७२२ | |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा |
| २ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने। | विपद् पश्चात तत्कालै | खानेपानी एकाई, विषयक्षेत्र |
| ३ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने। | विपद् पश्चात तत्कालै | सरसफाई एकाई, विषयक्षेत्र |
| ४ | पियुस, क्लोरीन जस्ता खानेपानी शुद्धिकरणका औषधी तथा व्यक्तिगत सरसफाईका लागि हाईजिन किट वितरण गर्ने र सरसफाई तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने | विपद् पश्चात तत्कालै | खानेपानी र सरसफाई एकाई, शिक्षा शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाईटी |
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.३.६ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

मुख्य विपद्का किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट घर, गोठ र अन्य संरचनामा क्षति भई खाद्य र गैरखाद्य सामग्रीको अभाव भई वासस्थान नभएको।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका ३५०० घरधुरीहरू प्रभावित हुदा १८२०० व्यक्ति समेत प्रभावित भई शिविरमा वस्नुपर्ने अवस्था भएको, सबैजसो घरमा रहन नसक्ने अवस्था भएको र खाद्य र गैरखाद्य सामग्रीकोसमेत अभाव भएको। शिविरमा रहेका विभिन्न उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई खानेकुरा र गैरखाद्य वस्तुको अभाव रहेको।

विषयगत क्षेत्रको उद्देश्यः

- वैकल्पिक खाना पकाउने सरसामान र खानेकुराको व्यवस्था मिलाई वासस्थानको बन्दोबस्त मिलाउने।
- शिविरमा रहेको खण्डमा राहत वितरणलाई व्यवस्थित गर्ने।
- शिविरमा रहेका उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई स्पियर मापदण्डअनुसारको खाद्यसामग्रीको व्यवस्था मिलाउने।
- खाद्य, गैरखाद्य र वासस्थान व्यवस्थित गरी सबैलाई सेवामा पहुँच बढाउने।

### आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सदस्यहरुको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | शेर बहादुर ओली | वडा नं. ४ | वडा अध्यक्ष | ९८०९५०९४८४ | |
| २ | राजेन्द्र कुमार राणा | नेपाल प्रहरी | सई | ९८४८३१४७०५ | |
| ३ | मनु शाही | वडा नं. ५ | वडा अध्यक्ष | ९८४४९४९१९९ | |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २ | पहिचान भएको सुरक्षित स्थानमा आश्रय वा वासको लागि अस्थायीसंरचना निर्माण गर्ने। | विपद् पश्चात तत्काल | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | आवश्यक गैरखाद्य सामग्रीको वितरण गर्ने। | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ५ | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | निरन्तर | विषयक्षेत्रका समूह सदस्यहरू |
| | पुर्ननिर्माणका सामाग्रीहरु मौज्दात राख्ने।<br>काठ दाउरा उपलव्ध गराउन वन तथा सामुदायिक वन महासंघसँग छलफल गर्ने।<br>प्राविधिक टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखीकरण गरी प्रभावित स्थानमा परिचालन गर्ने।<br>समन्वय, स्रोत पहिचान र पुर्ननिर्माणको कार्ययोजना बनाउने।<br>जिल्ला प्रशासन कार्यालयमा भएको विपद् व्यवस्थापन कोषलाई अभिबृद्धि गर्ने।<br>स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरूसँग मौज्दात रहेका काठको अद्यावधिक विवरण तयार गर्ने<br>अस्थायी आश्रयस्थलको लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरूको भवनहरूको विवरण अध्यावधिक गर्ने।<br>जिल्ला तथा स्थानीयस्तरमा रहेका तालिम प्राप्त सिकर्मी,डकर्मीहरूको अभिलेख राख्ने। | विपद् पश्चात तत्काल | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी,जिल्ला प्रशासन कार्यालय, जिल्ला बन कार्यालय, गाउँपालिका भित्र रहेका सामुदायिक बनहरु |

### ३.३.७ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न संरक्षण तथा सूरक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

मुख्य विपद्का किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट घर, गोठ र अन्य संरचनामा क्षति भई शिविरमा रहेका विभिन्न उमेर समूहका ज्येष्ठ नागरिक, सुत्केरी महिला, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, एकल महिला, बालबालिका र अन्य जोखिम समूहलाई संरक्षण तथा सुरक्षाको व्यवस्था गर्नुपर्ने।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाको ३५०० घरधुरीहरू प्रभावित हुदा १८२०० व्यक्ति समेत प्रभावित भई शिविरमा बस्नुपर्ने अवस्था भएको, सबैजसो घरहरूमा रहन नसक्ने अवस्था भएको र शिविरमा रहेका विभिन्न उमेर समूहका बालबालिका, सुत्केरी महिला, अपांगता भएका व्यक्ति, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई खानेकुरा र गैरखाद्य वस्तुको अभाव रहेकालेसंरक्षण तथा सुरक्षाको व्यवस्था गर्नुपर्ने।

विषयगत क्षेत्रको उद्देश्यः

- वैकल्पिक खाना पकाउने सरसामान र खानेकुराको व्यवस्था गर्दा महिला, विभिन्न उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई खानेकुरा र गैरखाद्य वस्तुको उचित व्यवस्थामा ध्यान दिने।
- शिविरमा रहेका विभिन्न उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई स्पियर मापडण्ड अनुसारको खाद्य सामग्रीको व्यवस्था मिलाउने।
- खाद्य, गैरखाद्य र वासस्थान व्यवस्थित गरी सबैको सेवामा पहुँच बढाउने।
- शिविरमा रहेको खण्डमा राहत वितरणलाई व्यवस्थित गर्दा महिला, उमेर समूहका बालबालिका, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहलाई सहज हुने गरी गर्ने।

## संरक्षण तथा सूरक्षा क्षेत्रको सदस्यहरुको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | शेरु बिश्वकर्मा | बाँफिकोट गा.पा. | कार्यपालिका सदस्य | ९७६६२१८८११ | |
| २ | जोतिका नेपाली | बाँफिकोट गा.पा. | कार्यपालिका सदस्य | ९८४११०३५९७ | |
| ३ | पुष्पा ओली | बाँफिकोट गा.पा. | कानूनी सल्लाकार | ९८६३४४०८३१ | |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात् तत्कालै | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गर्ने। | विपद् पश्चात् तत्कालै र अवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ३ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने। | अवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ४ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट वितरण गर्ने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ५ | विपद्को घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरूलाई परिस्थितीको आंकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | संरक्षण तथा सूरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ७ | स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखा प्रमुखहरू र शाखाअन्तर्गत रहेका अन्य कर्मचारीहरूको सम्पर्क विवरण संकलन गर्ने ।<br><br>जिल्ला तथा स्थानीय तहमा महिला, बालबालिका, अपाङ्गता सम्बन्धी काम गर्ने संघसंस्थाहरुको पहिचान गर्ने ।<br><br>जिल्लामा रहेका सरोकारवाला निकायहरूसँग समन्वय तथा वैठक गर्ने ।<br><br>मनोसामाजिक परामर्शकर्ताहरूको नक्सांकन गर्ने ।<br><br>मनोसामाजिक परामर्शकर्ता उत्पादन एवम् पुनर्ताजगी तालिम सञ्चालन गर्ने ।<br><br>आकस्मिक सहयोग कोषको स्थापना गर्ने ।<br><br>विपद्को समयमा अप्रत्यासित सेवा दिनुपर्ने हुँदा आवश्यक श्रोत, साधन र दक्ष जनशक्तिको विवरण तयार गर्ने।<br><br>अपाङ्गता भएका व्यक्ति र तिनका परिवारलाई स्थानीय तहका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका बारेमा जानकारी गराउने ।<br><br>जोखिम क्षेत्रमा बसोवास गरेकालाई सुरक्षित स्थानको पहिचान गरी स्थानीय निकायसँग समन्वय गर्ने ।<br><br>विद्यमान पूर्व जानकार संयन्त्रको खोज तथा तयारीको जानकारी गराउने । | विपद् अगाबै वा विपद् पश्चात तत्कालै | महिला तथा बालबालिका शाखा, विषयगत क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरु |

### ३.३.८ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद्का कारण शिक्षाक्षेत्रमा परेको प्रभाव र आपत्कालीन प्रतिकार्यसम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमागरिएको छ । (सामुदायिक विद्यालय ४४ (मा.वि १०, नि.मा.वि. १६ , प्रा.वि १८) तथा संस्थागत विद्यालय४ गरी जम्मा ४८ विद्यालय ।)

मुख्य विपद्का किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य विभिन्न प्रकोपले शिक्षा क्षेत्रमा क्षति पुगेको ।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका १५०० घरधुरीहरू प्रभावित हुँदा ६२०० व्यक्तिका साथै १३०० बालबालिकाहरू प्रभावित भई केही विद्यालयमा क्षति हुँदा शिक्षिका र शिक्षकाहरूसमेत हताहत भएको र शिविरमा बस्नुपर्ने अवस्था आएको ।

विषयगत उद्देश्यः

- विद्यालय शान्ति क्षेत्रका रूपमा उत्थानशील प्रवद्धन गर्नु ।
- बालबालिकालाई सुरक्षित ठाउँमा पु¥याउनु ।
- पठनपाठनका लागि भयरहित वातावरण तयार गर्ने गरी पठनपाठनलाई निरन्तरता दिनु ।

### आपत्कालीन शिक्षा क्षेत्रको सदस्यहरुको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | मनोज कुमार अधिकारी | वडा नं. ६ | वडा अध्यक्ष | ९८२९५५३५७४ | |
| २ | मन बहादुर बादी | बाँफिकोट गा.पा. | कार्यपालिका सदस्य | ९७४६४०५३५७ | |
| ३ | बीरेन्द्र प्रकाश बुढाथोकी | बाँफिकोट गा.पा. | शिक्षा संयोजक | ९८६६९१७७९७ | bpbudhathoki9001@gmail.com |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | शिक्षा शाखा, विषयक्षेत्र |
| २ | प्रकोपबाट प्रभावित विद्यालयहरूको सूची तयार गरी सम्बन्धित विद्यालयका विद्यार्थीहरूले गुमाएका पठनपाठनका सामग्रीहरूको | विपद् पश्चात तत्कालै | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | विवरण तयार गर्ने। | | |
| ३ | विद्यालय ३ (तीन) दिन भन्दा बढी बन्द हुने अवस्था भएमा आपत्कालीन शिक्षाका लागि प्रवन्ध मिलाउने | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ४ | आपत्कालीन शिक्षाका लागि आवश्यक सरसामानको व्यवस्था गरी पठनपाठन सुचारू गर्ने। | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ५ | शिक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | शिक्षा शाखा, विषयक्षेत्र |

### ३.३.९ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य अन्तर्गत आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

मुख्य विपद्को किसिमः भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्रकोपबाट घर, गोठ र अन्य संरचनामा क्षति भई शिविरमा बस्नुपर्ने अवस्था भएको।

अनुमानित अवस्था वा सम्भावित परिदृश्यः उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा बाँफिकोट गाउँपालिकाका ३५०० घरधुरीहरू प्रभावित हुँदा १८२००व्यक्ति समेत प्रभावित भई शिविरमा बस्नुपर्ने अवस्था भएको र केही समयपछि अस्थायी संरचनामा बस्नुपर्ने स्थिति आएको। जीविकोपार्जनका सबैविकल्पहरू प्रभावित भएको र खाद्यवस्तुको अभाव रहेको, रोजगारीका अवसरहरू नरहेको ।

विषयगत क्षेत्रको उद्देश्यः

- विपदबाट आर्थिक, सामाजिक क्षेत्रमा परेको प्रभावको लेखाजेखा गर्ने ।
- आर्थिक, सामाजिक क्षेत्रमा परेका प्रभावहरूको लेखाजेखाको आधारमा शीघ्र पुनर्लाभ कार्यक्रम सञ्चालन गर्ने

#### शीघ्र पुनर्लाभ क्षेत्रको सदस्यहरुको विवरण

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | प्रकाश खत्री | वडा नं. २ | वडा अध्यक्ष | ९८५१०९७८५१ | |
| २ | धन बहादुर खत्री | वडा नं. ८ | वडा अध्यक्ष | ९८२२९८२३१० | |
| ३ | प्रतिभा कुसारी | बाँफिकोट गा.पा. | उद्यम विकास सहजकर्ता | ९८४४९९५६७७ | |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | भौतिक संरचनाहरू नोक्सान भई सेवा अवरूद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने र तत्काल सुचारू गर्नुपर्ने सेवाहरूको प्राथमिकिकरण गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सूचारु गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शिघ्र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने। | विपद् पश्चात तीन महिना भित्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | शिघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |

### ३.४ लागत अनुमान

**>f]t ;fwgsf] cf+sng M** बाँफिकोट गाउँपाlnsfsf] ljkb k'j{tof/L tyf k|ltsfo{ of]hgfdf pNn]lvt cg'dflgt jh]6 गाउँkflnsfn] Joj:yfkg ug{]5 . o;/L Joj:yfkg ubf{ cfˆgf] >f]tn] gk'Ug] /sd jf ;fdfu|L ;+3 / k|b]z ;/sf/,ljsf; ;fem]bf/,;+3;+:yfsf] ;dGjodf k|fKt ug{]5 . o; of]hgfdf >f]t / ;fdu|Lsf] jh]6 ;lxt pnn]v ul/Ptfklg o;/L k|fKtx'g] ;xof]u gub tyf lhlG; b'j} x'g ;Sg]5 .

**If]qut k|:tfljt cg'dflgt ah]6**

| qm=;+ | ljifout If]q | hDdf cg'dflgt ah]6-xhf/df_ | pknAw >f]t - ;fdu|Lut+gub_ | gk'u -cfjZos_ ah]6 >f]t sf] Joj:yf |
|---|---|---|---|---|
| 1 | समग्र व्यवस्थापन | १४७४ | | ;+3 / k\|b]z ;/sf/,ljsf; ;fem]bf/,;+3;+:yf |
| 2 | सुचना खोज तथा उद्धार | ११२३ | | |
| 3 | vfB tyf s[ifL | २३७० | | |
| 4 | :jf:Yo / kf]if0f | ८०५७ | | |

| | | | | |
|---|---|---|---|---|
| 5 | vfg]kfgL, ;/;kmfO | ११५४ | | |
| 6 | आपतकालिन आश्रय | १९२७९ | | |
| 7 | ;+/lf0f / ;fdflhs ;'/lff | ८७५८ | | |
| 8 | lzlff | ५७०१ | | |
| ९ | tTsflng k'g{nfe | २०२१ | | |
| | **hDdf** | ४९९६७ | | |

## परिच्छेद चार
## बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

### ४.१ स्रोत-साधनको वर्तमान अवस्था

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ। यस गाउँपालिकामा विपद्जन्य घटनाहरुमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीहरुको विद्यमान अवस्था देहाय बमोजिम रहेको छः

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| समग्र व्यवस्थापन/ सूचना खोज तथा उद्धार | एक्साभेटर (जेसिवि) | १ | गाउँपालिका |
| | लाईफ ज्याकेट | ६ | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | क्लाइम्विङ डोरी | २ | गाउँपालिका |
| | सेफ्टि हेल्मेट | ६ | गाउँपालिका |
| | मेगा ह्याण्ड माइक | १ | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | ईमर्जेन्सी टर्च लाईट | १ | गाउँपालिका |
| | आगो निभाउने यन्त्र | ६ | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | रवरको पञ्जा | ६ | गाउँपालिका |
| खाद्यान्न तथा कृषि | किटनाशक विषादी | २ | कृषि शाखा |
| स्वास्थ्य तथा पोषण | स्यानीटरी प्याड | १ बोरा | गाउँपालिका |
| | ह्याण्डवास तथा साबुन | १० पेटी | गाउँपालिका |
| | पिपिई सेट/गाउन | ६ | गाउँपालिका |
| | सर्जिकल ग्लोब | १ बक्स /अस्पताल | गाउँपालिका / स्वास्थ्य स्टोर |
| | स्यानीटाईजर | १२ | गाउँपालिका / स्वास्थ्य स्टोर |
| | क्लोरिन पाउडर | १२ | गाउँपालिका / स्वास्थ्य स्टोर |
| | मेडिसिन | १० | गाउँपालिका / स्वास्थ्य स्टोर |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | आर.एल. वोटल | ५० | गाउँपालिका / स्वास्थ्य स्टोर |
| | प्राथमिक उपचार बाकस/किट | १० | गाउँपालिका / स्वास्थ्य स्टोर |
| | | | |
| खानेपानी, सरसरफाई तथा स्वच्छता | पियुष | १० | गाउँपालिका |
| | खन्ती (सव्वल) | ६ | गाउँपालिका,<br>नेपाल रेडक्रस सोसाईटी |
| | गैंति र वेल्चा सेट | ६ | गाउँपालिका |
| | भाँडाकुँडा सेट | ६ | गाउँपालिका |

*नोट: यस्ता सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ।*

## ४.२ स्रोत-साधनको आवश्यकताको लेखाजोखा

बाँफिकोट गाउँपालिकामा विपद् प्रतिकार्यको लागी आबश्यक श्रोत साधन  र सामाग्री न्युन मात्रामा रहेको छ । गाउँपालिकाले अपुग साधन र सामाग्री हरुको व्यवस्था तत्काल गर्नुपर्ने देखिन्छ जुन  क्लष्टर अुनसार तल उल्लेख गरीएको छ । यहाँ सामग्री हरु को मात्र आंकलन गरिएको छ तर वजेट भने क्षेत्रगत पुर्व तयारी योजनामा उल्लेख गरिएको सवै क्रियाकलाप र सामाग्री समेतको को कुल रकम राखिएको छ ।

| विषयक्षेत्र (कलस्टर) | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण |
|---|---|---|
| समग्र व्यवस्थापन/ सूचना खोज तथा उद्धार | एक्साभेटर (जेसिवि) | १ |
| | लाईफ ज्याकेट | २५ |
| | क्लाइम्विङ डोरी | ५ |
| | सेफ्टि हेल्मेट | १० |
| | मेगा ह्याण्ड माइक | ५ |

| विषयक्षेत्र (कलस्टर) | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण |
|---|---|---|
| | ईमर्जेन्सी टर्च लाईट | ११ |
| | आगो निभाउने यन्त्र | १० |
| | रवरको पञ्जा | १०० |
| खाद्यान्न तथा कृषि | किटनाशक विषादी | २०० प्याकेट |
| स्वास्थ्य तथा पोषण | स्यानीटरी प्याड | ५० बोरा |
| | ह्याण्डवास तथा साबुन | १०० पेटी |
| | पिपिई सेट/गाउन | २५ |
| | सर्जिकल ग्लोब | १० बक्स /अस्पताल |
| | स्यानीटाईजर | २०० |
| | क्लोरिन पाउडर | १०० |
| | मेडिसिन | १०० |
| | आर.एल. वोटल | ५० |
| | प्राथमिक उपचार बाकस/किट | २२ |
| | पियुष | १० |
| खानेपानी, सरसरफाई तथा स्वच्छता | खन्ती (सव्वल) | १२० |

### ४.३ लागत अनुमानः

यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार क्षेत्रगत योजना तथा कार्यक्रम का लागी कुल वजेट ४ करोड ९९ लाख ६७ हजार अनुमान गरिएको छ। विगत को वर्षहरुमा गाउँपालिकाले यस क्षेत्रमा गरेको लगानी र हालको प्रतिवद्धता अनुरुप अपुग हुने श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ।

- आन्तरिक आयस्रोतको दायराको खोजी र वृद्धि गर्ने विकास साझेदारसंग समन्वय गर्ने।

- संघ तथा प्रदेशसंग समन्वय गर्ने ।
- निजी तथा सार्वजनिक साझेदारी एवं सहकार्य गर्ने ।
- जनसहभागिता वृद्धि गर्ने ।
- वित्तीय जोखिम न्यूनिकरणका लागि पारदर्शिता तथा सुशासन संबन्धी व्यवस्थाहरु कार्यान्वयनका लागि विशेष श्रोत साधनको परिचालन गर्ने ।

### ४.५ समन्वय र सहकार्य

बाँफिकोट गाउँपालिकाले विपद पुर्वतयारी र प्रतिकार्य योजना को कार्यान्वयन गर्नका लागी गाउँपालिका क्षेत्रमा रहेका निकाय, संघसंस्था तथा अन्य साझेदारहरु संग समन्वय र सहकार्य गरी उनिहरुको श्रोत र साधनलाइ पनि परिचालन गर्नेछ । यसका अतिरिक्त प्रकोपबाट हुन सक्ने सम्भावित विपद्को सामना गर्न गाउँपालिकाले जिल्लामा रहेका निकायहरु संघ र प्रदेश सरकार तथा त्यस अन्तरगतका कार्यालयहरु संग पनि समन्वय र सहकार्य गर्नेछ । यसका साथै देहाय बमोजिमका संरचना संग विशेष समन्वय गरिने छ ।

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषद
- कर्णाली विपद् व्यवस्थापन कार्यकारी समिति
- रुकुम(पश्चिम)जिल्ला विपद् व्यिस्थापन समिति
- स्थानीय विपद् व्यवस्थापन समिति

यस्तो समन्वय र सहकार्य विपद पुर्वतयारी , विपद प्रतिकार्य तथा पुर्नलाभ सम्म हुनेछ ।

### ४.६ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस गाउँपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरू र स्थानीय समुदायहरू प्रतिकार्यका लागि परिचालित हुनेछन्। यस बाहेक ४० जना खोज तथा उद्धार, ३० जना प्राथमिक उपचार, १० जना पूर्वसूचना कार्यदल र ३५ जना लेखाजोखा कार्यदल सम्बन्धी दक्ष / गाउँपालिका अन्तर्गतका वडा सदस्य वडा कर्मचारी गाउँपालिकाका स्वास्थ्य शाखामामा कार्यरत एवम वडा स्वास्थ्य इकाइमा कार्यरत स्वास्थ्य जनशक्ति व्यक्तिहरु रहेका छन्। यसका साथै शव व्यवस्थापन सम्बन्धी विशिष्ट ज्ञान भएका व्यक्तिहरू ६ जना सूरक्षा निकाय / इलाका प्रहरी कार्यालय हरुसँग रहेका छन्। विपद् प्रतिकार्यका लागि उपलब्ध जनशक्तिको अद्यावधिक विवरण **अनुसूची-१** मा संलग्न गरिएको छ।

जनशक्ति सम्बन्धी विवरण हेरफेर भईरहन सक्ने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनु पर्नेछ।

### ४.७ बन्दोबस्ती सामग्रीको आंकलन

विपद्जन्य घटनाहरुमा प्रतिकार्यका लागि गैरखाद्य सामाग्रीहरु र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलको लागि देहाय अनुसारको व्यवस्था गरिएको छः

### ४.७.१ गैर–खाद्य सामग्री भण्डारण स्थल

विपद्का घटनाहरुमा प्रतिकार्यका लागि गैह्र खाद्य सामग्रीहरुको गोदाम घर (भण्डारण स्थल) ४ नम्बर वडाको बाँफिकोट गाउँपालिका कार्यालय रहेको स्थानमा रहेको छ। भण्डारण स्थल सम्बन्धी विवरण देहायअनुसार रहेको छः

| क्र.सं. | विवरण | स्थान | क्षमता | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्टोर | बाँफिकोट ४ | आपतकालीन सामाग्रीहरु | प्रमुख प्रशासकीय अधिकृत/ उपाध्यक्ष तारा बुढा के सी / अध्यक्ष जनक कुमार बाँठा मगर | ९८५७८८८७२९/ ९७६७८७६१७३/ ९८४९९४११८१/ |

### ४.७.२ मानवीय सहायता स्थल

रुकुम पश्चिम मुसीकोट नगरपालिका वडा नं १ सल्ले विमानस्थल परिसरमा रहेको मानवीय सहायता स्थल यस बाँफिकोट गाउँपालिकाको लागि विपद् प्रतिकार्यको निमित्त उपयोग गरिनेछ।साथै बाँफिकोट गाउँपालिका वडा नं ३ मा रहेको स्यार्पूताल छेउमा रहेको हेलीप्याड लाइ समेत प्रयोग गरिनेछ।

## ४.८ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लिखित विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

| विषयक्षेत्र | आवश्यक स्रोत, साधन/उपकरण | थप सङ्ख्या वा परिमाण | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|---|
| पुर्व सूचना प्रणाली | साईरन सहितको रेन गज | ३ | ५० |
| | आगो निभाउने मेशिन | १५ | १८० |

# परिच्छेद पाँच

# विविध

## ५.१ स्रोत साधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयक्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ। कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत बार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गराईनेछ। स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालय मार्फत् हुन सक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराईनेछ।

गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत् सङ्घीय सरकारसँग अनुरोध गरिनेछ। साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ।

### ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी आठविसकोट नगरपालिका, सानोभेरी गाउँपालिका, मुसीकोट नगरपालिका, सिस्ने/(रुकुम पूर्व) , गाउँपालिकासँग सहयोग आदानप्रदान गरिनेछ। यस्तो सहयोग विशेषगरी बाढी, पहिरो र आगलागीको समयमा प्रतिकार्यका लागि दमकल, एम्बुलेन्स तथा अत्यावश्यक मानवीय सहायता सामग्रीको उपयोगमा केन्द्रीत हुनेछ। अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न कार्यपालिकाले अन्य स्थानीय तहहरुसँग आवश्यक समझदारी वा सम्झौता गर्न सक्नेछ।

नेपाल सरकार, प्रदेश तथा जिल्ला स्थित कार्यालयहरूबाट समेत विपद् प्रतिकार्यको लागि स्रोत, साधन प्राप्त हुने अपेक्षा गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य गैह सरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ। जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रसँग विपद् सम्बन्धी सूचना आदानप्रदान गर्न आवश्यक समन्वय गरिनेछ।

### ५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई

#### ५.३.१ लक्ष्य र सूचकहरू

यस योजनामा गाउँपालिकामा विपद्बाट प्रभावित हुने परिवार, मृत्यु हुने तथा घाईतेको सङ्ख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिईएको छ। यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरु निर्धारण गरिएको छ:

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/०८२) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १. | गाउँपालिका क्षेत्रमा विपद्बाट हुने मानवीय क्षतिको दर कम भएको हुनेछ। | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या (सडक दुर्घटना बाहेक) | ६ | ४ | ३ | ० |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या | ८ | ६ | ४ | ० |
| २. | विपद्बाट प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य मात्रामा कम भएको हुनेछ। | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत सङ्ख्या | २०० | १०० | ५० | २५ |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | २४ | १६ | ८ | ४ |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | ३२ | २४ | १६ | ४ |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक | ८ | ६ | ४ | ४ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/०८२) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| | औसत सङ्ख्या | | | | |
| ३. | विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षतिमा कमी आएको हुनेछ। | | | | |
| ४. | गाउँपालिका र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्ने संयन्त्र सङ्ख्या | | | | |
| ५. | बहु–प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आंकलन, उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि भएको हुनेछ। | | | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहु–प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | ० | १० | १५ | २५ |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसङ्ख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसङ्ख्याको प्रतिशत | १० | २५ | ५० | ७५ |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका वडाहरूको सङ्ख्या | ० | ० | ३ | १० |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी जनसमुदायलाई उपलब्ध गराउन सक्ने समुदाय | ० | २ | १० | १० |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्या | ० | ० | २५ | ५० |
| | | | | | |

### ५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन

यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने कार्य अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ। उक्त समितिले माथि उल्लिखित सूचकहरुको आधारमा नियमित रुपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ। यस्तो प्रतिवेदनमा औंल्याईएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नु पर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ। योजनाको कार्यान्वयनको

अवस्था, प्रभावकारिता र सिकाई संश्लेषण कार्यसूचीको प्रारुप **अनुसूची-१२** मा संलग्न गरिएको छ। यस योजनाको पूनरावलोकन तथा पृष्ठपोषण सङ्कलन तलको तालिका बमोजिम हुनेछः

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समिक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रुपमा समिक्षा बैठक गर्ने | कार्तिक महिना |
| | | | माघमहिना |
| | | | बैशाख महिना |
| | | | श्रावण महिना (आगामी आ.व. को) |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष कार्तिक मसान्त |

## ५.४ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछ:

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| १ | विषयक्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखिकरण, तालिम र अभ्यासको व्यवस्था गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| २ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण, तालिम प्रदान गर्ने। | विपद् व्यवस्थापन शाखा | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ३ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्न क्षमता विकास गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ४ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरू र स्थानीय स्वयंसेवकहरूलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्न विषयक्षेत्रको क्षमता विकास गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |
| ५ | बन्दोबस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि | स्थानीय विपद् | मनसुन अगावै तथा विपद्को |

| | | | |
|---|---|---|---|
| | विषयक्षेत्रहरूको क्षमता विकास गर्ने। | व्यवस्थापन समिति | घटना हुनु अघि |

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुनेः** यस योजनाको क्रियाशील मुख्य गरी बाढी पहिरो, भूकम्प तथा महामारीको परिस्थिति सृजना हुनासाथ क्रियाशील हुनेछ। तर यस भित्र रहेका क्षेत्रगत योजनाहरू कुनै पनि विपद्को सन्दर्भमा क्रियाशील हुन सक्नेछ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजनाः**यसको कार्यान्वयन हरेक विषयगत क्षेत्रले तय गरेका प्रतिकार्य तथा पूर्वतयारी योजना बमोजिम हुनेछ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिकः**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समीक्षा अर्धवार्षिक रूपमा नियमित अद्यावधिक गरिनेछ भने विपद् परेको खण्डमा कुनै पनि विपद्को प्रतिकार्य गरिसकेपछि गरिनेछ। हरेक विषयगत क्षेत्रले आ–आफ्नो क्षेत्रको विस्तृत समीक्षा गरी अद्यावधिक गर्नेछन्।

**प्रतिवेदन तथा सञ्चार** विपद् प्रतिकार्यको प्रतिवेदन तथा सञ्चार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ मा उल्लेख भएको अनुसूची १६ अनुसार गरिनेछ। प्रतिवेदनको जानकारी सबै सरोकारवालाहरूलाई स्थापित आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC) बाट उपलब्ध गराइनेछ।

**संस्थागत व्यवस्था** नेपालमा विपद् सम्बन्धी सम्पूर्ण कार्यहरूको प्रभावकारी समन्वय गरी प्राकृतिक र गैरप्राकृतिक विपद्बाट धनजनको क्षति न्यूनीकरण गर्ने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली २०७६ क्रियाशील रहेको अवस्था छ। यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ। यो ऐनले मुलुकको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको लागि संस्थागत संरचनाको व्यवस्था गरेको छ। अतः यसको संस्थागत व्यवस्था कानूनमा उल्लेख भए बमोजिम नै स्थानीय जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको मातहतमा रही हुनेछ।

**अभीलेखीकरण** स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्थानीय तहहरूको आर्थिक सहयोगमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई समेत सहयोगी ठहरिने गरि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) दस्तावेज तयार गरिएको छ। आगामी दिनहरूमा हुने अद्यावधिकीकरणलाई पनि नियमित रूपमा अभीलेखीकरण गरिदै लगिनेछ।

**अनुमोदन प्रक्रिया** स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, रुकुम -पश्चिम_ को बैठकबाट विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्माण सम्बन्धी सम्पूर्ण कार्य गर्न सक्ने कार्यादेश र त्यस लगत्तै बस्ने स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठक मार्फत यो (DPRP) अनुमोदन भई क्रियाशील हुनेछ।

अनुसूची-१

## प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची

बाँफिकोट गाउँपालिका रुकुम पश्चिम, जिल्ला,  कर्णाली प्रदेश

स्थानः  बाँफिकोट गाउँपालिका  मिति/समयः २०८../ .../ ..../ समय ........

**छलफलका विषयहरूः**

1. गत वर्षका विपद्का घटनाहरू र व्यवस्थापन सम्बन्धी समीक्षा,
2. यस वर्षको पूर्वानुमान (वर्षा, बाढी र पहिरो सम्बन्धि पूर्वानुमानहरू जल तथा मौसम विज्ञान बिभागबाट उपलब्ध हुन्छ, अन्य प्रकोपहरूको सम्बन्धित निकायबाट उपलब्ध हुन्छ),
3. सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति (भौगोलिक कार्यक्षेत्रः गाउँपालिका),
4. विषयक्षेत्रहरू (गाउँपालिकामा रहने क्लष्टरहरू) र तिनको योजना,
5. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया,
6. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि (आवश्यक भएमा) अनुभव प्राप्त विज्ञ सम्मिलित) कार्यटोलीको गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने,
7. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गाउँपालिका,नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकायहरु),
8. अन्य (जस्तैः समितिको आगामी बैठक सम्बन्धमा)।

## अनुसूची-२

## स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश

1. उपलब्ध तथ्याङ्क, दस्तावेज, प्रकाशन तथा अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने,
2. विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरू, कम्तिमा विगत ५ वर्षको विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,
3. सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू,
4. आधारभूत अध्ययन लगायतका कार्य गर्ने,
5. विपद् व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाई सम्बन्धी अध्ययन तथा समीक्षा गर्ने,
6. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरूको अध्ययन र समीक्षा गर्ने,
7. स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सूरक्षा कार्ययोजना अध्ययन र प्रवृत्ति विश्लेषण गर्ने,
8. स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयारी गर्ने,
9. कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,
10. सबै विषयक्षेत्रका योजनाहरू एकत्रित गरी मस्यौदा तयार गर्ने,
11. अनुसूचीमा उल्लिखित नमूना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने।

## अनुसूची-३

## सरोकारवाला निकायको पहिचान तालिका

| क्र.स. | कार्यालयको नाम | कार्यालय प्रमुखको नाम थर | कार्यालयको सम्पर्क विवरण | |
|---|---|---|---|---|
| | | | टेलिफोन | का.प्र. मो.नं. |
| १ | रुकुम जिल्ला अदालत | राम प्रसाद बस्याल | ०८८५३०१०६ | ९८५७८२९०९८ |
| २ | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) | कुल बहादुर जि.सी. | ०८८५३००४० | ९८५७८३७७७७ |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय रुकुम (पश्चिम) | जित बहादुर ओली | ०८८५३०३०१ | ९८५७८६६२२२ |
| ४ | चन्डी दल गण रुकुम (पश्चिम) | शरद थापा | ०८८५३०२०५ | ९८५१०८७१३२ |
| ५ | जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम) | नवराज पोखरेल | ०८८५३०१८७ | ९८५७८३५५५५ |
| ६ | सशस्त्र प्रहरी बल नं. ४७ गुल्म रुकुम (पश्चिम) | मदन बहादुर धनुक | ०८८५३०३७९ | ९८५१२७२६४५ |
| ७ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय रुकुम (पश्चिम) | चिरञ्जीवी बुढा मगर | ०८८५३००८९ | ९८५७८२४२८९ |
| ८ | स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम) | शुसिल पोख्रेल | ०८८५३०११५ | ९८५७०६३९६९ |
| ९ | खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय रुकुम (पश्चिम) | तेज कुमार महतो | ०८८५३००९६ | ९८५७८२४२०१ |
| १० | कृषि विकास कार्यालय रुकुम (पश्चिम) | मिन बहादुर के.सी. | ०८८५३००१९ | ९८५७८२००३७ |
| ११ | पशु अपस्पताल तथा पशु सेवा कार्यालय रुकुम (पश्चिम) | शेर बहादुर खड्का | ०८८५३००१० | ९८४७८८७५९९ |
| १२ | ग्रामीण सडक सञ्जाल आयोजना रुकुम (पश्चिम) | रामाशिष शाह | | ९८५७८६२०२८ |
| १३ | शिक्षा विकास तथा समन्वय इकाइ रुकुम (पश्चिम) | ताराप्रकाश पुन मगर | ०८८५३०१०१ | ९८४७८५३६२२ |
| १४ | डिभिजन वन कार्यालय रुकुम (पश्चिम) | शेर बहादुर परियार | ०८८५३०३४९ | ९८५७८२४३०० |
| १५ | सरकारी वकिल कार्यालय रुकुम (पश्चिम) | चन्द्र बहादुर सिंजाली | ०८८५३०१६३ | ९८४७०३४३९५ |
| १७ | तरकारी वीउ उत्पादन केन्द्र चाँपा रुकुम (पश्चिम) | पदम बहादुर सुवेदी | ०८८६८०१५० | ९८५७८२४२७२ |
| १८ | कारागार कार्यालय रुकुम (पश्चिम) | तारा बहादुर कवर | ०८८५३०३४४ | ९८५७८७२७७७ |
| १९ | जिल्ला हुलाक कार्यालय रुकुम (पश्चिम) | कुमारी रिमा मल्ल | ०८८५३०१२३ | **९८५७८७२१७७** |
| २० | तथ्यांक कार्यालय रुकुम (पश्चिम) | ठाकुर प्रसाद लामिछाने | ०८८५३०२३८ | ९८५७८३०२३८ |

| | | | | |
|---|---|---|---|---|
| २१ | जिल्ला निर्वाचन कार्यालय रुकुम (पश्चिम) | जयराम के=सी= | ०८८५३०१५७ | ९८५७८३०१५७ |
| २२ | मालपोत कार्यालय रुकुम (पश्चिम) | ओमबहादुर खत्री | ०८८५३०१४९ | ९८६१२०५११२ |
| २३ | नापी कार्यालय रुकुम (पश्चिम) | इ. तुलसिराम भुसाल | ०८८५३००७७ | ९८६६००७२९७ |
| २४ | कोष तथा लेखा नियन्त्रण कार्यालय रुकुम (पश्चिम) | बोमलाल पराजुली | ०८८५३००७५ | ९८५७८२४२७५ |
| २५ | सडक डिभिजन चौरजहारी रुकुम (पश्चिम) | ई= तेजस्वी शर्मा | ०८८४०१०८१ | ९८५८०५१०८० |
| २८ | पूर्वाधार विकास कार्यालय चौरजहारी रुकुम (पश्चिम) | रूपक रावल | | ९८५७८४९९७८ |
| २९ | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय रुकुम (पश्चिम) | मान बहादुर खत्री | ०८८५३००१२ | ९८४७९५३३७८ |
| ३० | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) | धनन्जय आचार्य | ०८८५३०४३० | ९८५७८३०८५३ |
| ३१ | प्रदेश कोष तथा लेखा नियन्त्रन इकाई, रुकुम (पश्चिम) | यामवहादुर पुन | | ९८५७८८८२५५ |
| ३२ | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम (पश्चिम) | देवेन्द्र ठाकुर | | ९८४१६९९२२३ |
| ३३ | यातायात सेवा कार्यालय चौरजहारी रुकुम (पश्चिम) | आनन्द चपाई | | ९८५७८७७८०० |
| ३४ | जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम (पश्चिम) | भरत शाही | | ९८४८१८५३५६ |
| ३५ | नेपाल बैक लिमिटेड रुकुम (पश्चिम) शाखा | सन्तोष कुमार शर्मा | ०८८५३०३५० | ९८६६८५३९९९ |
| ३६ | कृषि विकास वैंक, रुकुम (पश्चिम) | | ०८८५३०२६७ | ९८४४९८३७०० |
| ३७ | राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय मुसिकोट रुकुम (पश्चिम) | हेमन्तराज न्यौपाने | ०८८५३०४३९ | ९८४९७०८२०५ |
| ३८ | राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय चौरजहारी रुकुम पश्चिम | | ०८८४०१००९ | ९८५८०२९००९ |
| ३९ | नेपाल विद्युत प्राधिकरण रुकुम शाखा | शिवजी प्रसाद साह | ०८८५३०३६५ | ९८५७८३२०३२ |
| ४० | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड रुकुम पश्चिम | बिनोद चन्द | | ९८६८८३४१६१ |
| ४१ | नागरिक उडड्यन प्राधिकरण रुकुम शाखा | दिपक के.सी. | ०८८५३०३५६ | ९८४७८५२५६० |
| ४२ | नेपाल टेलिकम रुकुम शाखा | जन्मजय खड्का | ०८८५३०१११ | ९८५७६५५२४४ |
| ४३. | आँखा उपचार केन्द्र सल्ले रुकुम पश्चिम | धन बहादुर के सी | | ९८६७९५७१८९ |
| ४४. | इलाका प्रशासन कार्यालय | तोषराज के.सी. | ९८५७८२७७८५ | |

## अनुसूची-४

## विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची

गाउँपालिका  बाँफिकोट, जिल्ला रुकुम पश्चिम, प्रदेश कर्णाली.,

विषयक्षेत्र ...........

स्थानःबाँफिकोट  गाउँपालिका                                             मिति/समयः

**छलफलका विषयहरूः**

1. विषयक्षेत्रको परिचय,
2. बिषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली,
3. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट,
4. पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्बन्धित विषयक्षेत्रको भूमिका,
5. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,
6. विद्यमान कमीकमजोरीहरूको पहिचान,
7. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,
8. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा,
9. विपद्को घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,
10. बिषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तर्जुमा,
11. पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि लागत अनुमान (सम्भव भए सम्म),
12. अन्य (जस्तैः आगामी बैठक सम्बन्धमा)।

**नोटः**

प्रत्येक विषयक्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुन्छ।

## अनुसूची-५

### विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त (नमूना)

कुनै विषयक्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्ने सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ। विषयक्षेत्र सदस्य संस्थाको काम कर्तव्य देहाय अनुसार हुनेछन्ः-

1. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्र संघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने विषयगत अगुवा संस्था तोकि आवश्यकता अनुसार सहयोग गर्ने,
2. नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकाय, स्थानीय तह, नागरीक समाज तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
3. आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने (यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्),
4. आपत्कालीन अवस्थाका लागि प्रर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने,
5. विषयक्षेत्रका सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
6. विषयक्षेत्रको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवदेन र प्रभावकारी सूचना पन्राहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
7. सूचना सङ्कलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने,
8. विषयक्षेत्रका प्राथमिकता प्राप्त कार्य सञ्चालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने साथै, विषयक्षेत्रका सहभागीहरूलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने,
9. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने,
10. पूर्वनिर्धारीत प्राथमिकता प्राप्त विषयगत संस्थाहरूलाईअन्तिम सेवा प्रदायककारुपमा जिम्मेवार बनाउने,
11. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयक्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने।

## अनुसूची-६

## अगुवा सहयोगी संस्थाको कार्यशर्त

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप तय गर्नका लागि सबै निकायहरुबीच छलफल गर्न साझा मञ्च प्रदान गरी सहजकर्ताको रुपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु हो। यसको अन्य भूमिका देहाय बमोजिम हुनेछः-

1. सबै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
2. विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरू सञ्चालन गर्ने,
3. विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने,
4. प्रभावकारी प्रतिकार्य र पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने,
5. विगतका अनुभवको आधारमा सफलता, सिकाई, चुनौति तथा कमीकमजोरी पहिचान गर्ने,
6. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सवै विषयक्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने,
7. कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषयक्षेत्रको योजना मस्यौदा पेश गर्ने,

## अनुसूची-७
## कार्यशाला गोष्ठीको कार्यसूची

**कार्यशाला गोष्ठीका विषयबस्तु देहाय अनुसार रहेका छन्:**

१. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड,
२. निकायगत श्रोत, साधन तथा क्षमताहरू,
३. सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र,
४. विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल,
५. तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण,
६. योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका,
७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीति,
८. अन्तर सम्बन्धित सवालहरुको सम्बोधन,
९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरू,
१०.अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना,

**माथि उल्लिखित छलफलका विषयको संक्षिप्त चिनारी देहाय अनुसार छः-**

1. **सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोडः** विषयक्षेत्रका सम्बन्धित सदस्यले सम्भावित प्रकोप, सङ्कटासन्नता तथा जोखिमको अवस्थाको बारेमा गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन्। सहभागीहरूले यसमा छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन्। यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ। गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम विश्लेषणको निचोडमा छलफल गरीन्छ।
2. **निकायगत उपलब्ध स्रोत साधन तथा क्षमताहरू:** पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा विषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निर्क्यौल गर्नु पर्दछ। यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिनेछ। हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफुसँग भएका स्रोत र साधनको सूची तयार गर्नुपर्दछ।
3. **सम्भावित प्रकोप र सोको प्रभाव क्षेत्रः** आधारभूत अध्ययनमा सम्बन्धित तहका प्रकोहरूको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्नसक्ने प्रभावको मूल्याङ्कन र लेखाजोखा गर्नुपर्दछ। यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गर्नुपर्दछ। जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्दछः
   1) प्रकोपको घटना घट्न सक्ने सम्भावना,
   2) सो प्रकोपबाट जनताको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव सामान्यतया विपद् जोखिम विश्लेषणका आधारमा प्रकोपहरू छनौट गरी योजना तयार गरिन्छ। प्रकोपको छनौट गर्दा प्रकृति, सम्भावित मात्रा र सम्भावित आपत्कालीन अवस्थालाई आधार मान्न सकिन्छ। कहिलेकाँही मात्र हुने भएता पनि भूकम्प जस्ता प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्दछ।
4. **विषयक्षेत्र केन्द्रीत योजना र समूहगत छलफलः** सहभागीहरूलाई आफ्नो संस्थाको कामसँग सम्बन्धित विषयक्षेत्र छनौट गर्न लगाउनु पर्दछ। यदि एउटै संस्था एकभन्दा वढी विषयक्षेत्रसँग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सबैभन्दा वढी योगदान गर्न सकिने विषयक्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ।

5. **तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण:** पूर्वतयारीका कार्यहरूमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपतकालीन अवस्थाका कार्यहरू हुन सक्नेछन्। उदाहरणका लागि केही पूर्वतयारी कार्यहरू निम्न हुन सक्नेछन्:

1) सम्बन्धित तहका प्रत्येक विषयक्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने,
2) विपद् पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरू र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,
3) स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्वसूचना प्रणाली, सूरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने,
4) प्रारम्भिक लेखाजोखा, मूल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने,
5) तथ्याङ्क सङ्कलनका लागि आवश्यक फाराम तयार गर्ने,
6) पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरूका लागि सञ्चारको माध्यमहरूको विस्तृत अभिलेख राख्ने,
7) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरूका लागि आवश्यक मानवीय, भौतिक तथा वित्तीय स्रोतहरू पहिचान गर्ने,
8) जनसंख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सूरक्षा स्थिति, जीविकोपार्जन, बसोबासको अवस्था, खुल्ला ठाउँहरू, यातायात र पूर्वाधार सम्बन्धी सूचना प्राप्त गर्ने,
9) सुरक्षित मार्गहरू, खोज तथा उद्धार मार्गहरू, सङ्कटासन्न समुदायमा हेलिप्याड, अवतरण र ड्रप जोन पहिचान गर्ने,
10) सम्बन्धित तहमा पूर्वतयारी तथा प्रतिकार्य टोली गठन गर्ने र उनीहरूलाई तालिम प्रदान गर्ने,
11) अस्थायी आपत्कालीन आश्रय स्थल, खाद्य तथा गैर-खाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, श्रोत सामाग्रीको आंकलन र नपुग सामाग्रीको जोहो गर्ने,
12) आपत्कालीन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य बस्तुहरूको बजार सर्वेक्षण गर्ने,
13) स्वास्थ्य सूरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने,
14) विद्यालयहरूको जोखिमको आधारमा वर्गिकरण गर्दै सूरक्षा योजना तयार गर्ने, आकस्मिक योजना बनाउने,
15) जीविकोपार्जनका उपायहरु (गाईपालन, बाख्रापालन, सुँगुर र कखुरा फर्महरू, माछा पोखरी, तरकारी खेती लगायत अन्य पेशा तथा व्यवसाय) र सूरक्षाका अन्य उपायहरू बारे योजना बनाउने,
16) बाढी निकास र नहरहरू सफा रहेका सुनिश्चित गर्ने, संवेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने,
17) सूरक्षा निकाय र स्वयम् स्वकलाई खोज तथा उद्धार तालिम प्रदान गर्ने,
18) पूर्वतयारी वारेमा राजनैतिक दल र नागरीक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने,
19) कार्यसञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने

**केही प्रतिकार्यका कार्यहरू निम्न हुन सक्नेछन्:**

1) विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक गर्ने,
2) खोज तथा उद्धार टोली र द्रुत प्रतिकार्य टोलीको परिचालन गर्ने,
3) घाइते तथा विरामीलाई घुम्ती क्लिनिकहरू मार्फत प्राथमिक उपचार गर्ने,
4) मानिसहरू र घरपालुवा जनावरहरू स्थानान्तरण गर्ने,
5) सूचना सङ्कलन गर्न, व्याख्या गर्न र पुष्टि गर्न आपत्कालीन सूचना प्रणाली (तथ्याङ्क–सूचना इकाई) स्थापना र सञ्चालन गर्ने,
6) आपत्कालीन प्रतिकार्यका लागि स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाउने,
7) आपत्कालीन आश्रयस्थल तथा राहत सामग्रीको व्यवस्था गर्ने,

8) बाढीको खतरा क्षेत्रमा नदीको सतह सतर्कता तहभन्दा तल नझरेसम्म प्रतिघण्टाको अद्यावधिक सूचना प्रवाह जारी राख्ने,
9) सम्बद्ध आपत्कालीन प्रतिकार्य योजनाहरूलाई सक्रिय बनाउने,
10) विषयगतक्षेत्र (Cluster) र कार्यदल समुहले आफ्ना सम्बधित आपत्कालीन योजनाहरू सक्रिय बनाउन नेतृत्व गर्ने ।

**नोटः**

(1) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरू सम्बन्धी थप जानकारी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ बाट पनि लिन सकिनेछ।

(2) प्रकोप पूर्वसूचना प्रणाली सम्बन्धी जानकारी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र वा सम्बन्धित जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत लिन सकिनेछ।

6. **योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिकाः** बिभिन्न निकायहरूको जिम्मेवारी ऐन, नियम, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तथा सम्बन्धित निकायको कार्यक्षेत्र, कार्यशर्तहरूमा उल्लेख भए अनुसार हुन्छन्। कार्यशालामा सम्बन्धित विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्यहरू, मानवीय कार्यमा संलग्न संस्थाहरूको भूमिकाको वारेमा छलफल गर्नुपर्छ। यस्ता कार्यक्षेत्र तथा कार्यशर्तहरूलाई स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप स्पष्ट गर्न सक्नेछ।

7. **आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीतिः** योजना तर्जुमा गर्दा यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सामग्री, उपकरण, जनशक्ति, आर्थिक श्रोत र योजना कार्यान्वयनमा संलग्न संस्थाहरूको क्षमता विश्लेषण गरी नपुग क्षमता परिपूर्ति गर्न आवश्यक रणनीति बनाउनु पर्छ। विश्लेषणमा विपद् घटना पश्चात् प्रभावितहरूको मानवीय आवश्यकताको पूर्वानुमान (जस्तै आश्रय स्थलमा आवश्यक पर्ने खाद्यान्न, स्वास्थ्य तथा सरसफाई सामग्री आदि), जनसङ्ख्याको विशेषता (जस्तैः लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक स्तर आदि), प्रभावित समुदाय एवम् सम्बन्धित तहको प्रतिकार्य क्षमताका साथै सम्भावित भौतिक तथा वातावरणीय अवस्था (पहूँच मार्ग, बजार, सेवा प्रवाह आदिका अवस्था) लाई पनि समावेश गर्नुपर्दछ।

8. **अन्तर सम्बन्धित विषय, सवालहरूको सम्बोधनः** विपद्बाट महिला/पुरुष, वालवालिका, ज्येष्ठ नागरिक, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिहरूमा फरक–फरक प्रभाव पर्दछ। विपद् हुनु अगावैको अवस्थामा समेत समाजका केही समूह तथा व्यक्तिहरु आर्थिक तथा सामाजिक हिसावले सीमान्तकृत भएका हुन्छन्। यसैले सङ्कटासन्नता लेखाजोखा, क्षमता विकास र स्रोत परिचालन गर्दा महिला, पुरुष, वालवालिका, ज्येष्ठ नागरिक, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मध्यनजर राख्नुपर्दछ। यी मुद्दालाई विशेष ध्यान पुर्याई उनीहरूको फरक आवश्यकता, योगदान र क्षमतालाई सम्वोधन गर्नुपर्दछ। विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा सबैले महिला/पुरुष, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति सहित सामाजिक तथा आर्थिक रुपमा पिछडिएका समुदायको पहूँच, प्रतिनीधित्व र सक्रिय सहभागीताको सुनिश्चितता गर्नु पर्दछ।

9. **सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरूः** योजना कार्यान्वयनका लागि परस्पर सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी योजनामा समावेश गरिन्छ। अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्र तथा सहकार्यका क्षेत्रहरु निर्धारण गरिनु पर्दछ। अन्य तह र निकायबाट आवश्यक पर्ने सहयोग स्पष्ट गरी समयमै जानकारी गराएमा उनीहरूले आफ्ना योजनामा राख्न सक्छन्।

10. **अनुगमन, मूल्याङ्कन तथा सिकाई योजनाः** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन योजना तयार गर्नु पर्दछ।
प्रकोप अनुसार पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन तथा मूल्याङ्कन सामान्यतया दुई पटक गर्नु उपयुक्त हुन्छ (जस्तैः बाढी, पहिरो जस्ता प्रकोपका लागि मनसुन पूर्व र पश्चात, शीतलहर पूर्व र पश्चात, अन्य प्रकोपको हकमा विपद् पश्चात्)। योजना कार्यान्वयनको

अवस्था र प्रभावकारिताको अनुगमन आवश्यकता अनुसार त्रैमासिक, चौमासिक, अर्धबार्षिक गर्न सकिन्छ। योजनाको कार्यान्वयनको बार्षिक मूल्याङ्कन र समसामयिक परिमार्जन गर्न सकिन्छ। प्रत्येक विषयक्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्याङ्कनको लागि आ–आफ्नो योजना बनाउनु पर्दछ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको समग्र प्रभावकारिता र कमजोरी तथा सिकाईहरू मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नु पर्नेछ। यस समितिले स्थानीय विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वयमा कार्य गर्नेछ।

## अनुसूची-८
## स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण

| क्र. सं. | नामथर | पद | आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | जनक कुमार बाँठा मगर | अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८२१३९७४७१/९८४४९४११८१ |
| २ | तारा बुढा के सी | उपाध्यक्ष | बाँफिकोट गाउँपालिका | ९७६७८७६१७३ |
| ३ | धन बहादुर खड्का | वडा नं. १ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८६८९००७२२ |
| ४ | प्रकाश खत्री | वडा नं. २ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८५१०९७८५१ |
| ५ | तिलबिर के.सी. | वडा नं. ३ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८६९९८२६०८ |
| ६ | शेर बहादुर ओली | वडा नं. ४ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८०९५०९४८४ |
| ७ | मनु शाही | वडा नं. ५ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८४४९४९१९९ |
| ८ | मनोज कुमार अधिकारी | वडा नं. ६ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८२९५५३५७४ |
| ९ | नर बहादुर खत्री | वडा नं. ७ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८२२९५४२३६ |
| १० | धन बहादुर खत्री | वडा नं.८ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८२२९८२३१० |
| ११ | जोग बहादुर चन्द | वडा नं.९ वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८१०९५८८४८ |
| १२ | हरी बहादुर चन्द | वडा नं.१० वडा अध्यक्ष | बाँफिकोट गाउँपालिका | ९८०९७७०३३७ |
| १३ | चन्द्र बहादुर के.सी. | अध्यक्ष ने.क.पा. माओबादी केन्द्र | बाँफिकोट गाउँपालिका | |
| १४ | धिरेन्द्र शाही | नेपाली काँग्रेस | बाँफिकोट गाउँपालिका | |
| १५ | भुपलाल के.सी. | ने.क.पा. एमाले | बाँफिकोट गाउँपालिका | |
| १६ | विनोद शाह | रा.प्र.पा. | बाँफिकोट गाउँपालिका | |
| १७ | रुद्र बहादुर गिरी | ने.क.पा.विप्लप | बाँफिकोट गाउँपालिका | |
| १८ | तुल बहादुर के.सी. | राष्ट्रिय जनमोर्चा | बाँफिकोट गाउँपालिका | |
| १९ | सिताराम देवकोटा | एकिकृत समाजवादी | बाँफिकोट गाउँपालिका | |
| २० | प्रचन्ड खत्री | पत्रकार | बाँफिकोट गाउँपालिका | |
| २१ | राजेन्द्र सिंह राना | प्र ना नि | बाँफिकोट गाउँपालिका | ९८४८३१४७०५ |
| २२ | गणेश वि.क. | प्रमुख प्रशासकीय अधिकृत | बाँफिकोट गाउँपालिका | ९८५७८८८७२९ |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्य सचिव | | |

## अनुसूची-९
## विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण

| क्र.सं. | विषयक्षेत्र | नामथर | पद | सम्पर्क नम्बर | आवद्ध निकाय/कार्यालय/संस्था |
|---|---|---|---|---|---|
| १ | | भिमराज ओली | अध्यक्ष | ९८४४९१४५१३ | गैर सरकारी संस्था महासंघ |
| २ | | नर बहादुर नेपाली | अध्यक्ष | ९८५११६२३१५ | रुकुमेली समाज विकास केन्द्र |
| ३ | | खड्क बस्त्राकार | अध्यक्ष | ९८६६५३९११८ | OCDC |
| ४ | | सुनिता बुढा मगर | अध्यक्ष | ९८४७८२८२३४ | हरप्लेस रुकुम |
| ५ | | टेक बहादुर वली | अध्यक्ष | ९८५७८७३९०० | बाल सरोकार केन्द्र |
| ६ | | टेकबहादुर कुसारी | अध्यक्ष | ९८६४९५९८२२ | नेपाल जनजागरण मञ्च नेपाल |
| ७ | | मनिषा के=सी= | प्रतिनिधि | ९८४७८८७९४५ | ईन्सेक |
| ८ | | धन बहादुर घर्ती | अध्यक्ष | ९८५७८७९२७४ | मिक नेपाल |
| ९ | | कमला के=सी= | नि. जिल्ला संयोजक | ९८५७८५५०७७ | महिला पुर्नस्थापना केन्द्र -ओरेक_ |
| १० | | जवाहर लाल पुन | | ९८५७८२३०३९ | खिष्ट्रीय समाज विकास अभियान |
| ११ | | मोतिराम वि=क= | | ९८४७९३४७१४ | ग्रामीण युवा सरोकार केन्द्र |
| १२ | | बसन्त पुन मगर | अध्यक्ष | ९८५११९५४०२ | स्वास्थ्य शिक्षा तथा स्थानीय विकास केन्द्र |
| १३ | | भिमबहादुर डाँगी | अध्यक्ष | ९८४७९५४११९ | अपांग संरक्षण मंच |
| १४ | | दिपकराज खड्का | अध्यक्ष | ९८४५२०३४४८ | पर्यटन सूचना केन्द्र |
| १५ | | दामोदर के.सी. | का.वा. अध्यक्ष | ९८६६९०४०८७ | सिस्ने युवा क्लव |
| १६ | | शसिराम विष्ट | अध्यक्ष | ९८०९५९११४९ | ग्रामीण विकासका लागि शिक्षा तथा सञ्चार |
| १७ | | व्युझना पुन | अध्यक्ष | ९८५७८२००७१ | महिला मानव अधिकार रक्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | देवकोटा | | | सञ्जाल |

अनुसूची-१०

विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण

| क्र.स. | कार्यालयको नाम | कार्यालय प्रमुखको नाम थर | कार्यालयको सम्पर्क विवरण | |
|---|---|---|---|---|
| | | | टेलिफोन | का.प्र. मो.नं. |
| १ | रुकुम जिल्ला अदालत | राम प्रसाद बस्याल | ०८८५३०१०६ | ९८५७८२९०९८ |
| २ | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) | कुल बहादुर जि.सी. | ०८८५३००४० | ९८५७८३७७७७ |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय रुकुम (पश्चिम) | जित बहादुर ओली | ०८८५३०३०१ | ९८५७८६६२२२ |
| ४ | चन्डी दल गण रुकुम (पश्चिम) | शरद थापा | ०८८५३०२०५ | ९८५१०८७१३२ |
| ५ | जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम) | नवराज पोखरेल | ०८८५३०१८७ | ९८५७८३५५५५ |
| ६ | सशस्त्र प्रहरी बल नं. ४७ गुल्म रुकुम (पश्चिम) | मदन बहादुर धनुक | ०८८५३०३७९ | ९८५१२७२६४५ |
| ७ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय रुकुम (पश्चिम) | चिरञ्जीवी बुढा मगर | ०८८५३००८९ | ९८५७८२४२८९ |
| ८ | स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम) | शुसिल पोख्रेल | ०८८५३०११५ | ९८५७०६३९६९ |
| ९ | खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय रुकुम (पश्चिम) | तेज कुमार महतो | ०८८५३००९६ | ९८५७८२४२०१ |
| १० | कृषि विकास कार्यालय रुकुम (पश्चिम) | मिन बहादुर के.सी. | ०८८५३००१९ | ९८५७८२००३७ |
| ११ | पशु अपस्पताल तथा पशु सेवा कार्यालय रुकुम (पश्चिम) | शेर बहादुर खड्का | ०८८५३००१० | ९८४७८८७५९९ |
| १२ | ग्रामीण सडक सञ्जाल आयोजना रुकुम (पश्चिम) | रामाशिष शाह | | ९८५७८६२०२८ |
| १३ | शिक्षा विकास तथा समन्वय इकाइ रुकुम (पश्चिम) | ताराप्रकाश पुन मगर | ०८८५३०१०१ | ९८४७८५३६२२ |
| १४ | डिभिजन वन कार्यालय रुकुम (पश्चिम) | शेर बहादुर परियार | ०८८५३०३४९ | ९८५७८२४३०० |
| १५ | सरकारी वकिल कार्यालय रुकुम (पश्चिम) | चन्द्र बहादुर सिंजाली | ०८८५३०१६३ | ९८४७०३४३९५ |
| १७ | तरकारी वीउ उत्पादन केन्द्र चाँपा रुकुम (पश्चिम) | पदम बहादुर सुवेदी | ०८८६८०१५० | ९८५७८२४२७२ |
| १८ | कारागार कार्यालय रुकुम (पश्चिम) | तारा बहादुर कवर | ०८८५३०३४४ | ९८५७८७२७७७ |
| १९ | जिल्ला हुलाक कार्यालय रुकुम (पश्चिम) | कुमारी रिमा मल्ल | ०८८५३०१२३ | **९८५७८७२१७७** |
| २० | तथ्यांक कार्यालय रुकुम (पश्चिम) | ठाकुर प्रसाद लामिछाने | ०८८५३०२३८ | ९८५७८३०२३८ |
| २१ | जिल्ला निर्वाचन कार्यालय रुकुम (पश्चिम) | जयराम के=सी= | ०८८५३०१५७ | ९८५७८३०१५७ |

| | | | | |
|---|---|---|---|---|
| २२ | मालपोत कार्यालय रुकुम (पश्चिम) | ओमबहादुर खत्री | ०८८५३०१४९ | ९८६१२०५११२ |
| २३ | नापी कार्यालय रुकुम (पश्चिम) | इ. तुलसिराम भुसाल | ०८८५३००७७ | ९८६६००७२९७ |
| २४ | कोष तथा लेखा नियन्त्रण कार्यालय रुकुम (पश्चिम) | बोमलाल पराजुली | ०८८५३००७५ | ९८५७८२४२७५ |
| २५ | सडक डिभिजन चौरजहारी रुकुम (पश्चिम) | ई= तेजस्वी शर्मा | ०८८४०१०८१ | ९८५८०५१०८० |
| २८ | पूर्वाधार विकास कार्यालय चौरजहारी रुकुम (पश्चिम) | रूपक रावल | | ९८५७८४९९७८ |
| २९ | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय रुकुम (पश्चिम) | मान बहादुर खत्री | ०८८५३००१२ | ९८४७९५३३७८ |
| ३० | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) | धनन्जय आचार्य | ०८८५३०४३० | ९८५७८३०८५३ |
| ३१ | प्रदेश कोष तथा लेखा नियन्त्रन इकाई, रुकुम (पश्चिम) | यामवहादुर पुन | | ९८५७८८८२५५ |
| ३२ | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम (पश्चिम) | देवेन्द्र ठाकुर | | ९८४१६९९२२३ |
| ३३ | यातायात सेवा कार्यालय चौरजहारी रुकुम (पश्चिम) | आनन्द चपाई | | ९८५७८७७८०० |
| ३४ | जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम (पश्चिम) | भरत शाही | | ९८४८१८५३५६ |
| ३५ | नेपाल बैक लिमिटेड रुकुम (पश्चिम) शाखा | सन्तोष कुमार शर्मा | ०८८५३०३५० | ९८६६८५३९९९ |
| ३६ | कृषि विकास वैंक, रुकुम (पश्चिम) | | ०८८५३०२६७ | ९८४४९८३७०० |
| ३७ | राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय मुसिकोट रुकुम (पश्चिम) | हेमन्तराज न्यौपाने | ०८८५३०४३९ | ९८४९७०८२०५ |
| ३८ | राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय चौरजहारी रुकुम पश्चिम | | ०८८४०१००९ | ९८५८०२९००९ |
| ३९ | नेपाल विद्युत प्राधिकरण रुकुम शाखा | शिवजी प्रसाद साह | ०८८५३०३६५ | ९८५७८३२०३२ |
| ४० | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड रुकुम पश्चिम | बिनोद चन्द | | ९८६८८३४१६१ |
| ४१ | नागरिक उडड्यन प्राधिकरण रुकुम शाखा | दिपक के.सी. | ०८८५३०३५६ | ९८४७८५२५६० |
| ४२ | नेपाल टेलिकम रुकुम शाखा | जन्मजय खड्का | ०८८५३०१११ | ९८५७६५५२४४ |
| ४३. | आँखा उपचार केन्द्र सल्ले रुकुम पश्चिम | धन बहादुर के सी | | ९८६७९५७१८९ |
| ४४. | इलाका प्रशासन कार्यालय | तोषराज के.सी. | ९८५७८२७७८५ | |

## अनुसूची-११
## प्रतिकार्यको लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण एवम् सम्पर्क नम्वर

**जनप्रतिनिधिः**

| सि.नं. | कार्यालय | जन प्रतिनिधि | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | लुम्विनी गौतम के=सी= | समन्वय प्रमुख | ९८५७८४५७७७ |
| १ | जिल्ला समन्वय समिति | देब बहादुर बि.क. | समन्वय उप-प्रमुख | ९८५७८५२७३३ |

**जनप्रतिनिधि स्थानीय तहः**

| सि.नं. | न.पा./गा.पा. | जन प्रतिनिधि | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | जनक कुमार वाँठा मगर | अध्यक्ष | ९८४४९४११८१ |
| १ | बाँफिकोट गा.पा. | तारा बुढा के.सी. | उपाध्यक्ष | ९८१९५५७८३० |
| | | रवि के.सी. | नगर प्रमुख | ९८५११२०८०५ |
| २ | आठबिसकोट न.पा. | धनकुमारी शाही | उप-प्रमुख | ९८४३६०२६८७ |
| | | महेन्द्र के.सी. | नगर प्रमुख | ९८४७८५२०२५ |
| ३ | मुसिकोट न.पा. | विमल कुमार पुन | उप-प्रमुख | ९८५१२२९०९४ |
| | | विर्ख बहादुर विष्ट | अध्यक्ष | ९८४४९७५६५० |
| ४ | सानिभेरी गा.पा. | कमला रोका पुन | उपाध्यक्ष | ९८४७८८७७३५ |
| | | पुष्प वादी | नगर प्रमुख | ९८६६२०८५०९ |
| ५ | चौरजहारी न.पा. | ईश्वरी शर्मा विएम | उप-प्रमुख | ९८४९३९६९८६ |
| | | | | ९८४९८५९५२१ |
| | | गणेश कुमार के.सी. | अध्यक्ष | ९८२९८७८३६० |
| ६ | त्रिवेणी गा.पा. | राज कुमारी रेउले | उपाध्यक्ष | ९८२२८८७४५९ |

| बाँफिकोट गा.पा. | | |
|---|---|---|
| **वडा नं.** | **वडा अध्यक्ष** | **सम्पर्क नं.** |
| १ | धन बहादुर खड्का | ९८६८९००७२२ |
| २ | प्रकाश खत्री | ९८६६९६६७३८ |

| | | |
|---|---|---|
| ३ | तिल विर के.सी. | ९८६९९८२६०८ |
| ४ | शेर बहादुर ओली | ९८०९८२५३१७ |
| ५ | मनु शाही | ९८६८६३००८ |
| ६ | मनोजकुमार अधिकारी | ९८२९५५३५७४ |
| ७ | नर बहादुर खत्री | ९८१०८०१२२७ |
| ८ | धनवहादुर खत्री | ९८१२८९७६०९ |
| ९ | जोग बहादुर चन्द | ९८४४९९००६७ |
| १० | हरि बहादुर चन्द | ९८५११८५५८२ |

**एम्वुलेन्स**

| क्र.स. | एम्वुलेन्स धनी (निकाय) | सम्पर्क नं. |
|---|---|---|
| १ | बाँफिकोट गाउँपालिका | ९८१८०९८४४२, ९८४९१८८०५३ |
| २ | मुसिकोट नगरपालिका | ९८५७८७७५००, ९८४४९४५४८५ |
| ३ | आठबिसकोट नगरपालिका | ९८६६१७४३७१ |
| ४ | चौरजहारी नगरपालिका | ९८६४८०७२४३,९८५७८७८५८५, ९८१६५५०६५४ |
| ५ | त्रिवेणी गाउँपालिका | ९८४३३७६४४९, ९८०९५१८५९५ |
| ६ | सानीभेरी गाउँपालिका | ९८५५३०७२६७, ९८४६३२०३४७ |
| ७ | जिल्ला अस्पताल | ९८५७८५२१२२, ९८०२००८५८५ |
| ८ | नेपाल रेडक्रस सोसाइटी | ९८५७८७६५००, ९८०९८५८५८५ |
| ९ | पुँवार थापा क्षेत्री कल्याण समिति | ९८५११८२०६३, ९८११८५८५३५ |
| १० | उदय युवा क्लव | ९८५७८५८५८५ |
| ११ | मनकामना लाइफ केयर हस्पिटल | ९७४२२५१६५३, ९८०९७६८६५४ |
| १२ | कृष्णकुमार ददेल यातायात प्रा.ली. | ९८०२७०८५८५, ९८४२७०८५८५ |
| १३ | दियो साँस्कृतिक युवा क्लव | ९८५७८६८५८५, ९८१०८१६६७७ |

**पत्रकार**

| सि.नं. | नामथर | पद | सञ्चार माध्यम | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | लक्ष्मण के.सी. | अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, उजेली न्यूज डटकम | ९८५११७६३११ ९८४७८६९४७४ |
| २ | धुव्र बुढाथोकी | स्टेशन म्यानेजर | रेडियो सानीभेरी एफ.एम. | ९८५७८२१५०७ |
| ३ | प्रचण्ड खत्री | सम्वाददाता | मध्यान्न दैनिक | ९८५७८८७९९९ |
| ४ | गोपाल प्रसाद रेग्मी | स्टेशन म्यानेजर | रेडियो आफ्नो एफ.एम. | ९८५११३५८३२ |
| ५ | राजु लामिछाने | | गोरखापत्र दैनिक, उज्यालो अनलाइन, | ९८५८०२४५७७ |
| ६ | प्रविर ददेल | सम्पादक | रेखदेख साप्ताहिक | ९८५१२३६७१३ |
| ७ | महेश के.सी. | सम्वाददाता | कान्तिपुर मिडिया ग्रुप | ९८५७८२४२८० |
| ८ | अमरराज पुन | सम्वाददाता | नेपाल टेलिभिजन | ९८४८२१५७४६ |
| ९ | मनिषा के.सी. | सम्वाददाता | गोरखापत्र दैनिक | ९८४७८८७९४५ |
| १० | सिजन बांठा मगर | सम्वाददाता | रेडियो सानीभेरी एफ.एम. | ९८६६९०७८०० |
| ११ | हिरा परियार | सम्वाददाता | रेडियो सानीभेरी एफ.एम. | ९८६३१३७११४ |
| १२ | ज्ञानु शर्मा गौतम | स्टेशन म्यानेजर | रेडियो चौरजहारी | ९८५८०७५७५७ |
| १३ | नारायण ओली | स्टेशन म्यानेजर | रेडियो मौराखारा | ९८४४९४२६५९ |
| १४ | मनिष खड्का | सम्वाददाता | नयाँ पत्रिका दैनिक | ९८५७८२४२९० |
| १५ | देव कुमार ओली | कार्यक्रम संयोजक | रेडियो सानीभेरी एफ.एम. | ९८४७९५४११५ |
| १६ | भरत चन्द | सम्वाददता | प्राइम टेलिभिजन | ९८४५७५२९५० |
| १७ | परिचन्द्र खत्री | सम्वाददाता | रासस | ९८६८६४८७३५ |

| | | | | |
|---|---|---|---|---|
| १८ | संगम देवकोटा | सम्वाददाता | उजेली न्यूज डटकम | ९८६८६०३६११ |
| १९ | भुवन के.सी. | समाचार सम्पादक | रेडियो यूनिक एफएम | ९८५७८२२८०९ |
| २० | सत्य बहादुर बटाला | सम्वाददाता | आहा सञ्चार साप्ताहिक | ९८४८१५५६३९ |
| २१ | दिपेन्द्र महतारा | सम्पादक | प्रेस पालिका | ९८४५३३४४७२ |
| २३ | छिमा के.सी. | सम्वाददाता | उजेली न्यूज डटकम | ९८६६२१०१२८ |
| २४ | गोपालसिं खड्का | सम्वाददाता | मूलपाटी डटकम | ९८४७९३४८३३ |
| २५ | बलेन्द्र ओली | सम्वाददाता | कखरा डटकम | ९८६८३९०५२६ |
| २६ | बलबहादुर खत्री | सम्वाददाता | रेडियो पूर्वी रुकुम | ९८४३६०३४२० |
| २७ | गोपाल वली | स्टेशन म्यानेजर | रेडियो समावेशी आवाज | ९८६११९१५९४२ |
| २८ | मनिषा गौतम | संवाददाता | रेडियो मौराखारा | ९८४९६४२३५४ |
| २९ | अनिशेष के.सी. | संवाददाता | रासस | ९८६८६६४८२१ |

**यातायात व्यवसायी**

| क्र.स. | संस्थाको नाम | व्यवसायीको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १ | सिस्ने हिमाल यातायात प्रा.लि. | नागेन्द्र पुन | ९८४७९५३४८९ |
| २ | सानोभेरी यातायात प्रा.लि. | सरोज देवकोटा | ९८६८९६३९९९ |
| ३ | | विष्णु ओली | ९८६८६०६६५७ |
| ४ | रुकुम यातायात प्रा.लि. | प्रजित वि.एम. | ९८४४९१५३७३ |
| ५ | पूर्वी पश्चिम यातायात प्रा.लि. | ललित बुढा | ९८६७७७७४८८ |

**स्वास्थ्य सेवा कार्यालय, रुकुम(पश्चिम) बाट अनुमति प्राप्त स्वास्थ्य संस्थाका विवरण:**

| क्र=स= | स्वास्थ्य संस्थाको नाम | ठेगाना | सम्पर्क नं= |
|---|---|---|---|
| १ | कुसारी पोलिक्लिनिक प्रा. लि | बाँफिकोट गाउँपालिका, रूकुम -पश्चिम) | |
| २ | | | |
| ३ | राप्ति समाज स्वास्थ्य सहकारी संस्था लिमिटेड | मु=न=पा=, रुकुम पश्चिम | |
| ४ | मनकामना लाईफ केयर हस्पिटल प्रा. लि | मु=न=पा= ५, रुकुम पश्चिम | ९८६९२३२८२० |
| ५ | त्रिवेणी सिटी हस्पिटल प्रा.लि. | त्रिवेणी गाउँपालिका २, रुकुम पश्चिम | ९८२२९८७५०० |
| ६ | साझा अस्पताल | मु=न=पा=, रुकुम -पश्चिम) | ०८८५३०४०५ |
| ७ | रुकुम पोलिक्लिनिक प्रा. लि | मु=न=पा=५, रुकुम -पश्चिम) | ९८४४९९०४७७ |
| ८ | डिग्रे शाईकुमारी सामुदायिक डेन्टल क्लिनिक | मु=न=पा.१, -रुकुम पश्चिम) | |
| ९ | रुकुम सामुदायिक अस्पताल | मु=न=पा=१, (रुकुम पश्चिम) | |

स्रोत : जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१

## अनुसूची-१२
## योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारुप

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र अनुगमनका लागि सूचक तथा लक्ष्यहरू**

### क. विपद प्रतिकार्य योजना

| **विपद् पश्चात को अवधि** | **विपद्को अवस्थामा गरिने** आपत्कालीन **कार्य (विपद्को प्रकृतिमा आधारित)** | आपत्कालीन **अवस्था सम्वोधन गर्न गरिने पूर्वतयारी कार्य** | **पूर्वतयारी कार्य सम्वोधन गर्न खाडलको पहिचान** | **मुख्य जिम्मेवार निकाय** | **लागत** |
|---|---|---|---|---|---|
| पहिलो दिन (घटना घटेको समयदेखि १२ घण्टा सम्म) | खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी। | खोज तथा उद्धारको लागि खटिने टोलीको लागि आवश्यक बन्दोबस्तीको सामग्रीहरूको तयारी | खोज तथा उद्धार टोली तयारी अवस्थामा छ तर आवश्यक उद्धार सामग्रीहरू पर्याप्त मात्रामा नभएको। | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | |
| | सूचना संकलन तथा अवस्थाको प्रतिवेदन। | खोज तथा उद्धारको लागि खटिने टोलीलाई Does and Don't को वारेमा अभिमुखीकरण | अभिमुखीकरण गरिसकिएको | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | |
| | शान्ती सुरक्षालाई कायम राख्नको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने | सञ्चारको उपयुक्त संयन्त्रको स्थापना। | विपद्को बेलामा गरिने संरचना र संयन्त्रको व्यवस्था स्पष्ट रहेको। | जिल्ला प्रशासन कार्यालय | |
| | प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने। | खोज तथा उद्धारको लागि आवश्यक ओजारहरूको व्यवस्था | केही अपर्याप्त रहेको। | जिल्ला प्रशासन कार्यालय | |
| | राहत सहयोग सामग्रीहरू वितरणको लागि आवश्यक पर्ने व्यवस्थाको तयारी। | क्षेत्रगत नेतृत्व गर्ने निकायहरुसँग समन्वय वैठक गर्ने। | | जिल्ला प्रशासन कार्यालय | |
| | क्षेत्रगत सदस्यहरूसंग बैठक तथा अन्य मानवीय सङ्घ संस्थाहरू संग समन्वय | आवधिक वैठक गर्ने | | जिल्ला प्रशासन कार्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | । | | | | |
| | DEOC कक्ष | आवधिक वैठक गर्ने | | जिल्ला प्रशासन कार्यालय | |
| पहिलो दिन (घटना घटेको समयदेखि १२ देखी २४ घण्टा सम्म) | सुरक्षा निकायहरू वीच आपसी समन्वय गर्ने। | विपद् व्यवस्थापन कार्यसँग सम्वन्धित अभ्यास -Command -(Post/ Live Exercise) हरू गराई फौजलाई तयारी राख्ने। प्रभावित इलाकाको उपयुक्त स्थानमा हेलिप्याड तयार गर्ने । प्रभावित स्थान सम्म जाने मुख्य तथा वैकल्पिक मार्गहरू पहिचान गर्ने। | | जिल्ला प्रशासन कार्यालय | आवश्यक सामग्री तथा उपकरणको लागिः ३०,२५,००० टोली परिचालन को लागि १,००,००० |
| | आकस्मिक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेषण कक्ष तथा राहत सामग्री वितरण कक्षहरूको स्थापना गर्ने। | हरेक कक्षको लागि टोलीको निर्माण गर्ने। | टोलीको निर्माण गर्नु पर्ने। | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | |
| दोस्रो दिन | अस्थायी शिविरको लागि व्यवस्थापन गर्ने । | तालिम तथा खोज तथा उद्धार स्रोतको नक्सांकन। | नक्साकंन गरिसकिएको। | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | |
| | प्रभावितहरू विस्थापित भएका स्थानमा | उद्धार सामग्रीहरूको सङ्कलन। | आ– आफ्नो संस्थामा भएको सामग्रीहरू तयारी अवस्थामा रहेको यकिन गर्ने। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | परिस्थितिको पुनरावलोकन गरी आवश्यक स्रोत साधनको लागि क्षेत्र तथा केन्द्रसँग आवश्यक सामग्रीहरूको माग तथा परिचालन । (हेलिकप्टर) | Identification of the Location for Establishment of forward Base. | Location for Identification गरी सकिएको । | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | |
| | Establishment of Command Base/Forward Base /Disaster Site Control Team | Identification of the Location | Location for Identification गरी सकिएको । | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | |
| | खोज तथा उद्धार कार्यमा भएका प्रगति तथा अवस्थाको सरोकारवालाहरुलाई जानकारी । | | | जिल्ला प्रशासन कार्यालय | |
| पहिलो हप्ता | सम्भावित महामारी फैलिन नदिन आवश्यक पहल गर्ने । | | पहिचान गरिसकिएको छ । | जिल्ला प्रशासन कार्यालय | |
| दोस्रो हप्ता | हराई वेपत्ता भएका मानिसको खोजी तथा पहिचान कार्यलाई निरन्तरता दिने | सरोकार वालाहरू वीच समन्वय | निरन्तर समन्वय गरिनु पर्ने । | नेपाली सेना, नेपाल प्रहरीनेपाल रेडक्रस सोसाइटी रुकुम (पश्चिम), स्वास्थ्य सेवा कार्यालय | |
| सो भन्दा बढी | विपद्को अवस्थाको विश्लेषण र समग्र शान्ति सुरक्षाको लागि कार्य योजना तयार गर्ने । | नियमित वैठक र अवस्थाको अद्यावधिक गर्ने । | | जिल्ला प्रशासन कार्यालय | |

**ख. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका**

| योजना पुनरावलोकन गरिने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य (बैठक गर्ने,बजेट व्यवस्था आदि) | अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने बैठकको अनुमानित मिति |
|---|---|---|---|
| प्रत्येक वर्ष | विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना समिति तथा विषयगत समिति | | |

**ग. घटना विवरण प्रतिवेदन ढाँचा**

1. तयार गर्ने गाउँपालिका:
2. प्रतिवेदन तयार गरेको मितिः
3. पेश गरेको निकायः (जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आदि)
4. बोधार्थः (जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आदि)
5. प्रतिवेदन अवधि (.......देखि......सम्म)
6. सामान्य अवस्था (प्रभावित क्षेत्र, प्रभावित जनसङ्ख्या, क्षति भएको घर आदि)
7. पूर्वतयारी कार्यको विवरण
8. पूर्वतयारी योजना (सरकारी निकाय, नेपाल रेडक्रस सोसाईटी, गैरसरकारी क्षेत्रबाट प्रदान गरिने पूर्वतयारी योजना/कार्य)
9. खोज, उद्धार र राहतको विवरण (सरकारी, गैर सरकारी, नेपाल रेडक्रस सोसाईटी र राष्ट्र सङ्घीय निकायहरूबाट भएको खोज, उद्धार र राहत)
10. खोज, उद्धार र राहतको योजना (सरकारी, रेडक्रस, गैरसरकारी क्षेत्रबाट प्रदान गरीने खोज, उद्धार र राहतको योजना)
11. पूर्वतयारी तथा खोज, उद्धार र राहतमा देखिएका कमी वा कठिनाई
12. समस्या समाधानका उपाय वा अवश्यक सहयोगको अपेक्षा

**निकायगत स्रोत साधनको आँकलन**

**१. बाँफिकोट गाउँपालिकाको कार्यालय, रुकुम (पश्चिम)**

| क्र.स. | सामाग्रीको नाम | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | डोजर | थान | १ | |
| २ | एम्बुलेन्स | थान | २ | |
| ३ | फायर एङ्गुइस्टर | थान | ६ | |
| ४ | बेल्चा | जोर | १५ | |
| ५ | सप्पल | जोर | १५ | |
| ६ | फरुवा | बक्स | ९ | |
| ७ | गैटी | मिटर | १३ | |
| ८ | बाल्टी | थान | १० | |
| ९ | लाइभ ज्याकेट | थान | ५ | |
| १० | त्रिपाल ठुलोमा | थान | ११ | |

**२. जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम)**

| क्र.स. | सामाग्रीको नाम | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | CODAN H.F. SET | थान | १ | |
| २ | FIRE EXTINGUISHER | थान | ५ | |
| ३ | हेल्मेट | थान | ५ | |
| ४ | गमबुट | जोर | ५ | |
| ५ | पन्जा | जोर | ५ | |
| ६ | FIRST AID KIT | बक्स | 2 | |
| ७ | डोरी | मिटर | ५० | |
| ८ | स्ट्रेचर | थान | १ | |
| ९ | टेन्ट | थान | १ | |
| १० | गैंति | थान | १ | |
| ११ | सावेल | थान | १ | |
| १२ | बेल्चा | थान | १ | |

| | | | | |
|---|---|---|---|---|
| १३ | म्याट | थान | २ | |
| १४ | लाइफ ज्याकेट | थान | ५ | |
| १५ | त्रिपाल | थान | १२ | |

**जिल्ला प्रहरी कार्यालय मातहतका निकाय**

| क्र.स. | सामाग्रीको नाम | ईकाई | परिमाण | कै. |
|---|---|---|---|---|
| ई.प्र.का.बाँफिकोट, रुकुम पश्चिम | | | | |
| १ | सोटर | थान | ८ | |
| २ | पिक (गैती) | थान | १ | |
| ३ | जमसुट | थान | ६ | |
| ४ | साबेल (बेल्चा) | थान | १ | |
| ५ | सब्बल | थान | १ | |
| ६ | हेल्मेट | थान | ७ | |
| ७ | रेकहुक | थान | १७ | |
| ८ | स्टेचर | थान | १ | |

## अनुसुची-१३ प्रारम्भिक द्रुत लेखाजोखा फारम

**g]kfn ;/sf/**

**ljkb\ k|f/lDes b'|t n]vfhf]vf kmf/fd-Initial Rapid Assment,IRA_**

| ! :yfg / kx'Fr ;DjlGw ;"rgfsf] hfgsf/L | | | |
|---|---|---|---|
| !=! k\|b]zsf] gfd M | !=@ lhNnfsf] gfdM | !=# ufpF÷gu/kflnsfsf]gfd M | |
| !=$ jf8{ gDa/ | !=% ldltM | ut] ÷dlxgf÷;fnM | |
| !=^ ;"rgf ;+sng ug]{ JolQmsf] ljj/0f M | | | |
| Gffd M<br>!<br>@<br># | kb ÷;+:yf M | ;Dks{ gDa/ M | 6f]ln g]tfsf] gfdM |
| !=& clxn] lhNnf ;b/d'sfdaf6 k\|efljt j8f ;Dd cfjt hfjtsf] cj:yf | ☐ klxnfsf] h:t} ;fdfGo<br>☐ sl7g -d'l:sn 5 _<br>☐ w]/} sl7g | !=* k\|efljt j8f;Dd k'Ug] ;fwg | ☐ k}bn<br>☐ uf8L<br>☐ cGo-pNn]v ug]{_ |
| !=( clxn] lhNnf ;b/d'sfdaf6 k\|efljt If]q ;Dd k'Ug] ;fwgsf] | ☐ ! 306f eGbf sd<br>☐ ! b]lv @ 306f | | |

| | | | |
|---|---|---|---|
| cfwf/df nfUg] ;do | ☐ @ b]lv $ 306f<br>☐ $ b]lv * 306f<br>☐ ! lbg eGbf al9<br>☐ cGo -pNn]v ug]{_ | | |


| @= ljkb\ ;DjlGw ljj/0f | | | |
|---|---|---|---|
| @=! 36gf 36]sf] ldlt | | @=@ 36gf 36]sf] ;do | |
| @=# ljkb\sf] k\|sf/ | ☐af9L ☐e"sDk ☐v8]/L<br>☐klx/f] ☐dxfdf/L ☐ cGo -pNn]v ug]{_<br>☐cfunfuL ☐lzt nx/ | | |
| @=$ ljkb\ kZrftsf]] cj:yf | | | |
| @=$=! d[ts | @=$=@ a]kQf | @=$=# 3fOt] | @=$=$ lj:yflkt |
| ☐ 5<br>☐ 5}g<br>☐ yfxf 5}g | ☐ 5<br>☐ 5}g<br>☐ yfxf 5}g | ☐ 5<br>☐ 5}g<br>☐ yfxf 5}g | ☐ 5<br>☐ 5}g<br>☐ yfxf 5}g |
| cg'dflgt ;+VofM | cg'dflgt ;+VofM | cg'dflgt ;+VofM | cg'dflgt ;+VofM |
| | | | |
| @=% k\|efljt If]qdf ;+rf/sf] cj:yf s:tf] 5 < - | ☐l7s 5 | ☐cf+lzs  l7s 5 | |

| | |
|---|---|
| df]afOn, 6]lnkmf]g_ | ☐cj?4 |
| @=^ k\|efljt If]qdf ljkb\sf] sf/0fn] cGo s'g s'g ;]jfx? cj?4 ePsf 5g < lrGx nufpg'xf]; . | ☐ljB't ☐ahf/÷k;n<br>☐ljdfg:yn ☐ ljBfno<br>☐ :jf:Yo ;]jf ☐vfg]kfgLsf] cfk"lt{<br>☐k'nx? ☐ cGo -pNn]v ug]{_<br>☐d'Vo ;8s |

माथि उल्लेखित फारममा नमूनाको रुपमा केही अंश मात्र राखिएको छ। यो फारमको पुर्ण नमूना यस गाउँपालिकाको वेवसाईट www.banphikotmun.gov.np को विद्युतीय शुशासन खण्डको नमुना फारम उप-खण्ड बाट download गर्न सकिनेछ।

अनुसुची-१४

आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लेखाजोखाको नतिजा




बाँफिकोट गाउँपालिकाको कुल इ. पि. आर. लेखाजोखाको प्राप्ताङ्क ११.८२ रहेको छ।कानूनी र संस्थागत संरचनाले सबैभन्दा उच्च अंक ८.०० प्राप्त गरेको छ भने भौतिक पूर्वाधारले ०.७८, सूचना व्यवस्थापनले ०.८३, उपकरणले १.१०, र जनशक्तिले १.११ अंक प्राप्त गरेका छन्। लेखाजोखाबाट प्राप्त मूल्यांकनको संक्षिप्त परिणाम निम्नानुसार रहेको छ।

## संस्थागत संरचना

| मापदण्ड | अंक | विष्लेषण |
|---|---|---|
| कानुनी व्यवस्था | १.७५ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका ऐन, विपद् व्यवस्थापन कोष निर्देशिका र LEOC को कार्यविधि तयार गरिएको छ। विपद् प्रतिकार्य योजना हाल निर्माणाधीन छ।अन्य आवश्यक कानुनी प्रावधानहरू छैनन्। |
| संस्थागत संयन्त्र | १.६७ | स्थानीय र वडा विपद् व्यवस्थापन समितिहरू गठन गरिए ता पनि सामुदाय स्तरमा विपद् व्यवस्थापन समितिहरू बनेका छैनन्। औपचारिक अन्तर-पालिका वा निजी क्षेत्रसँगको समन्वयको लागि सहकार्यको अभाव छ। विषयगत समूहको संयन्त्र स्थापना गरिएको भए पनि प्रभावकारि सञ्चालन हुन सकेको छैन। |
| जबाफदेहीता तथा दाइत्वबोध | २.५० | स्थानीय विपद् व्यवस्थापन समितिका निर्णय र कार्यक्रमहरु पूर्वतयारी भन्दा प्रतिकार्य र राहत वितरणमा बढी केन्द्रित छ। विपद् जोखिम न्यूनीकरण ऐन र स्थानीय स्वायत्त शासन ऐनले स्थानीय विपद् व्यवस्थापन समितिलाई मार्गनिर्देशन गरेका छन्। तथापि विपद् व्यवस्थापनका गतिविधिहरूको अनुगमन तथा सुपरिवेक्षण संयन्त्रको अभाव रहेको छ। |
| वित्तीय व्यवस्था | २.०८ | विपद् व्यवस्थापन कोष र वार्षिक विपद् व्यवस्थापन बजेटको विनियोजन गरिएको छ। तर उक्त वजेटको खर्च पूर्ण रूपमा उद्दार र राहत वितरणमा केन्द्रित रहेको छ। आपत्कालीन अवस्थाको लागि तत्काल सामग्री खरिद गर्ने सम्बन्धी कुनै कानुनी व्यवस्था छैन। स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापनाको लागि बजेट विनियोजन पनि छैन। तथापि, कर्णाली प्रदेशद्वारा सुरु गरिएको विपद् जीवन बीमा यहाँ विद्यमान छ। |
| कुल जम्मा | ८.०० | |

भौतिक पूर्वाधार

| मापदण्ड | अंक | विष्लेषण |
|---|---|---|
| स्थानिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | ० | गाउँपालिकाले स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरेको छैन। |
| तालिमको लागि पुर्वाधार | ० | विपद् जोखिम व्यवस्थापन क्षमता विकासका लागि कुनै पुर्वाधारको व्यवस्था गरिएको छैन। |
| विपद् भण्डार कक्ष / गोदाम घर | ० | गाउँपालिकामा विपद् व्यवस्थापनका सामाग्री भण्डार कक्ष वा गोदाम घरको अभाव छ। |
| आपत्कालीन अस्थाइ आवास, खुलाक्षेत्र र आपत्कालीन पुर्वाधार | ०.७८ | आपत्कालीन अवस्थाको लागि खुला स्थान र आश्रयस्थलहरूको औपचारिक पहिचान गरिएको छैन। हेलिप्याड गाउँपालिका कार्यालयबाट २ कि. मि. भित्र अवस्थित छ तर आगो नियन्त्रणको लागि दम्कलको अभाव छ। साथै आपत्कालीन अवस्थामा अस्पताल पूर्वको सेवाको लागी वडाहरूमा स्वास्थ्य केन्द्रहरू उपलब्ध छन्। गाउँपालिकामा नगर अस्पतालको अभाव र ठूलो संख्यामा घाइतेहरूको उपचार गर्ने क्षमता समेत छैन। |
| कुल जम्मा | ०.७८ | |

सूचना व्यवस्थापन

| मापदण्ड | अंक | विश्लेषण |
|---|---|---|
| सामुदायिक संलग्नता | ० | सूचना व्यवस्थापनको लागि समुदायको संलग्नताको सुनिश्चित गर्ने कूनै माध्यम छैन । |
| विपद् पूर्वसूचना प्रणाली | ० | विपद् पूर्वसूचनाको प्रणाली, जोखिम अनुगमन संयन्त्र र जोखिम नक्सान्कनको समेत अभाव रहेको छ। |
| सूचना व्यवस्थापन संयन्त्र | ०.८३ | बिपद् पोर्टललाई आंशिक रूपमा प्रयोग गरिएको तर गोदाम सफ्टवेयर र स्वयंसेवक व्यवस्थापन प्रणाली को भने उपयोग गरिएको छैन। भूकम्प प्रभावित परिवार तथा राहत प्राप्तकर्ताहरूको विवरण सहितको न्यूनतम विपद् जोखिम न्यूनीकरण सम्बन्धी सूचना र आँकडाहरु एउटा रेकर्ड बुक खडा गरी राखिएको छ। |
| जियोम्याटीक्स | ० | आपत्कालीन पूर्वतयारी र प्रतिकार्यका लागि कुनै पनि भूगर्भिक साधनको प्रयोग गरिएको छैन। |
| कुल जम्मा | ०.८३ | |

उपकरण

| मापदण्ड | अंक | विश्लेषण |
|---|---|---|
| पक्कि भत्केका संरचनामा खोज तथा उद्धार | ०.७४ | केवल आधारभूत र हाते खोज तथा उद्धार उपकरणहरूको मात्र उपलब्धता रहेको छ। |
| अग्नि नियन्त्रण तथा बाढी र डुवानमा खोज तथा उद्धार | ० | अग्नि नियन्त्रण र जल उत्पन्न विपद् खोज तथा उद्धार उपकरणहरूको पूर्णतया अभाव छ। |
| खबर तथा सूचना आदानप्रदान प्रणाली | ० | आपतकालीन पुर्वतयारी र प्रतिकार्यको लागि कुनै ठोस सूचना तथा संचार उपकरणको उपलब्धता छैन। |
| अस्थाइ आवास तथा आपत्कालीन सेवा | ०.३६ | आपत्कालीन अवस्थाको लागि अस्थायी आश्रयस्थल, गैर-खाद्य सामग्री, पानी शुद्धीकरण र स्वास्थ्य उपचार गर्ने कुनै साधन स्रोतहरूको व्यवस्था छैन। भग्नावशेष व्यवस्थापन गर्ने सिमित क्षमता मात्र उपलब्ध छ। |
| कुल जम्मा | १.१० | |

जनशक्ति

| मापदण्ड | अंक | विश्लेषण |
|---|---|---|
| मानव संसाधन व्यवस्थापन | ०.८३ | विपद् व्यवस्थापनको लागि संगठनात्मक संरचनाको स्थापना गरिएको छ तर उक्त संरचनालाई विस्तार तथा प्रभावकारी बनाउने संयन्त्र र पर्याप्त जनशक्तिको अभाव छ। विपद् जोखिम न्यूनीकरणको लागि तोकिएको सूचना प्रविधि अधिकृत र नगर प्रहरीको अभाव छ। |

| | | |
|---|---|---|
| विपद् व्यवस्थापनमा दक्ष जनशक्ति | ०.२८ | गाउँपालिकामा विपद् व्यवस्थापनको लागि कार्यरत एकजना कर्मचारी मात्र तालिम प्राप्त छन् र उनीमा BIPAD Portal प्रयोग गर्ने सीमित क्षमता रहेको पाईन्छ। खोज तथा उद्धार वा CADRE-तालिम प्राप्त जनशक्ति नभएता पनि समुदायमा प्राथमिक उपचार तालिम प्राप्त गरेका केही जनशक्ति रहेका छन्। |
| स्वयंसेवक | ० | स्वयंसेवक र स्वयंसेवक व्यवस्थापन तथा परिचालनको लागि कुनै प्रणालिको स्थापना गरिएको छैन। |
| क्षमता विकास | ० | आपत्कालीन पूर्वतयारी र प्रतिकार्य क्षमता विकासको लागि कुनै प्रावधानको व्यवस्था गरिएको छैन। साथै प्राधिकरणबाट सञ्चालित ई-लर्निङ प्लेटफर्मको प्रयोग अहिलेसम्म गाउँपालिकामा भएको छैन। |
| कुल जम्मा | १.११ | |

## आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमताको सारांश

बाँफिकोट गाउँपालिकाको आपत्कालीन पूर्वतयारी र प्रतिकार्यको लागि आवस्यक पाँच घटकहरू मध्ये भौतिकपूर्वाधार सबैभन्दा कमजोर पक्ष रहेको देखिन्छ। स्थानिय आपत्कालिन कार्यसञ्चालन केन्द्र, विपद् भण्डार गृह, तालिमको लागी पूर्वाधार, आपत्कालीन आश्रयस्थल र खुला क्षेत्रहरूको औपचारिक पहिचान र आश्रय स्थलहरू स्थापना गर्ने आवश्यक स्रोत साधन तथा क्षमताको अभाव यस्का ज्वलन्त उदाहरणहरू हुन्।

त्यसैगरी सूचना व्यवस्थापन प्रणाली नहुनु, BIPAD पोर्टलको आंशिक प्रयोग, जोखिम निग्रानी तथा पूर्व चेतावनी प्रणालीको अभावले समेत उक्त कमजोर क्षमता माथी थप टेवा पुगेको छ। साथसाथै पालिकामा विपद् प्रतिकार्यको दौरान खोज तथा उद्धारको लागि आधारभूत औजार बाहेक प्राविधिक उपकरणहरूको अभाव समेत रहेको छ। यि कमजोरिका बाबजुद भूकम्प प्रभावित परिवार तथा राहत प्राप्तकर्ताहरूको विवरण सहितको न्यूनतम विपद् जोखिम न्यूनीकरण सम्बन्धी सूचना र आँकडाहरु भने एउटा रेकर्ड बुक खडा गरी राखिएको छ जसलाई गाउँपालिकाको साधारण उपलब्धि भने मान्न सकिन्छ।

अर्कोतर्फ पालिकाको संगठनात्मक संरचना भित्र विपद् व्यवस्थापनको लागि उपशाखा स्थापना गरिएको भएता पनि आवश्यक र दक्ष कर्मचारीहरूको अभाव छ। उक्त शाखामा एक जना कर्मचारी मात्र कार्यरत रहेको र उनि पनि सूचना प्रविधि अधिकृतको समेत दोहोरो जिम्मेवारीमा रहेका छन्।साथै आपत्कालिन अवस्थामा कार्य गर्न नगर प्रहरीको समेत अभाव छ।

अर्कोतर्फ, विपद् व्यवस्थापनको लागि केही आधारभूत कानुनी प्रावधानहरू स्थापना भई वार्षिक बजेट विनियोजन र आपत्कालिन राहत कोषको स्थापना गरिएको भएता पनि उक्त स्रोतलाई जोखम न्यूनिकरण र पूर्वतयारिमा लगानी गर्न भने सकिएको छैन। साथै स्थानिय विपद् व्यवस्थापन समितिहरु स्थापना गरी वडा विपद् व्यवस्थापन समितिहरूलाई समेत आपत्कालीन पूर्वतयारी र प्रतिकार्यको लागि सबल र प्रभावकारि बनाउन अत्यन्त जरुरी रहेको देखिन्छ।

समग्रमा बाँफिकोट गाउँपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमता निकै कमजोर रहेको छ ।

## सन्दर्भ सामग्री

जिल्ला विपद् पूर्वतयारी तथा प्रति कार्ययोजना, २०७६

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (सङ्घीय ऐन), नियमावली, २०७५
बाँफिकोट गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
बाँफिकोट गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८१
बाँफिकोट गाउँपालिकाको एकिकृत/आवधिक विकास योजना
बाँफिकोट गाउँपालिकाको विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना